# कुम्मायक गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ८ संख्याः १ मितिः २०८१/१२/२०


## भाग-२

## कुम्मायक गाउँपालिका

# कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,- २०८१

आज्ञाले,

जयनारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत

# कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१

कुम्मायक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कृषि विकास शाखा

यासोक, पाँचथर।

# कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१

यस कुम्मायक गाउँपालिका भित्र कार्यान्वयन गरिने कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१ कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, यासोक, पाँचथरबाट आ.व. २०८१/०८२ मा कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रविधि हस्तान्तरण, क्षमता अभिवृद्धि, मूल्य श्रृंखलामा आधारित क्रियाकलापहरु, प्रोत्साहन अनुदान तथा दिगो विकासका लागि कृषि विकास कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, परिणाममुखी बनाउँन वाञ्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ (ण) र (द) व्यवस्था भए बमोजिम कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि स्वीकृत गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अनुदान" भन्नाले यस गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकीकरण तथा गरिबि निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तिय उत्तरदायित्व वहन गर्नेगरि प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामाग्री र उपकरण सम्झनु पर्दछ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषिसँग सम्बन्धि समिति र कृषि फर्म/कम्पनी/व्यवसायीहरुलाई सम्झनु पर्दछ।

(ग) "कृषि" शब्दले बाली, बागवानी, पशुपंक्षी, मत्स्यपालन, व्यवसायिक कीट आदिका उपक्षेत्रसँग सम्बन्धित उत्पादन, प्रशोधन, उद्योग एवम् व्यवसायलाई सम्झनु पर्दछ।

(घ) "कृषि सामाग्री" भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउविजन, बेर्ना, विषादी, टनेल प्लाष्टिक, मल्चिङ प्लाष्टिक, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, पोषक तथा

सुक्ष्म तत्व, कृषि औजार/उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनु पर्दछ।

(ङ) "सार्वजिनक पुर्वाधार" भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, सिंचाइका पूर्वाधारहरु, कोसेली घर, कृषि उपज बिक्री कक्ष, भण्डारण घर लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्दछ।

(च) "सामुदायिक पूर्वाधार" भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायबाट निर्माण हुने सिंचाइ पूर्वाधार, उत्पादन तथा प्रशोधन पूर्वाधार, कृषि बजार पूर्वाधार, बीउविजन भण्डारण घर, सामुदायिक बीउ बैंक लगायत अन्य सामुदायिक प्रयोजनका कृषि सम्बन्धि पूर्वाधारहरुलाई सम्झनुपर्दछ।

(छ) "निजी पूर्वाधार" भन्नाले कृषक वा फर्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाइ, नर्सरी स्थापना, प्लाष्टिक टनेल/घर जस्ता उत्पादन, प्रशोधन, भण्डारण तथा बजार सम्बन्धि निजी प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्दछ।

(ज) "लक्षित वर्ग" भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषि फर्म/कम्पनी, कृषक समूह, कृषि सम्बन्धि सहकारी, कृषिसँग सम्बन्धित समिति र सदस्यहरुलाई सम्झनुपर्दछ।

(झ) "आर्थिक विकास समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित आर्थिक विकास समितिलाई सम्झनुपर्दछ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुलाई सम्झनुपर्दछ।

३. **उद्देश्यः** यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उद्देशयहरु देहाय बमोजिमको हुनेछन्:

(क) कार्यक्रमहरुको पारदर्शी एवम् प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सु-सूचित गर्ने।

(ग) कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवम् प्रगति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने।

## परिच्छेद-२
## व्यवस्थापकिय पक्ष

४. **अनुदान उपलब्ध गराउन सक्नेः** यस कार्यविधिको परिच्छेद ३ मा उल्लेखित कृषि विकास कार्यक्रमहरुको उद्देश्य, प्रमुख क्रियाकलापहरु र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक विषय

अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, साना कृषक लक्षित कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

५. **अनुदान रकमको सिमा र प्रतिशतः** अनुदानको सिमा र प्रतिशत कार्यक्रममा तोकिएको हकमा सोही बमोजिम हुनेछ। अनुदानको सिमा हेरफेर र प्रतिशत नतोकिएका कार्यक्रमको हकमा आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ।

६. **माग संकलनः**

(क) यस कार्यविधि बमोजिमका कार्यक्रममा सहभागी हुन लक्षित वर्गबाट माग संकलन गर्न समयमै सूचना प्रकाशन गरिनेछ।

(ख) कार्यविधिको परिच्छेद ३ अन्तर्गत विभिन्न कार्यक्रम शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रासङ्गिक पक्ष पूरा गर्ने गरि ईच्छुक निवेदकले आवेदन पेश गर्नुपर्नेछ।

७. **लाभग्राही छनोटः** कृषि विकास कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने क्रियाकलापहरुको लागि प्रस्ताव मूल्यांकन तथा छनोटको कार्य कार्यक्रमको प्रकृति अनुसार लागि यस गाउँ कार्यपालिका अन्तर्गत रहेको आर्थिक विकास समिति तथा सम्बन्धित वडा समितिले गर्नेछ। तर प्रस्ताव आह्वान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनोट गर्नु नपर्ने कृषि प्रसारका नियमित क्रियाकलापहरु कृषि विकास शाखाद्वारा यस कार्यविधिको अधिनमा रही कार्यक्रम संचालन गर्न सक्नेछ।

८. **अनुदान प्रवाहः**

(क) कृषि विकास कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धि व्यवस्था दफा ५ अनुसारको क्रियाकलाप/कार्यक्रम बमोजिम हुनेछ।

(ख) यस कार्यविधि बमोजिम छनोट भएका अनुदानग्राहीले संचालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी एवम् अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवम् भुक्तानी विधि उल्लेख गरी सम्बन्धित कार्यालयले अनुदानग्राहीसँग सम्झौता गर्नेछ।

९. **अनुदान भुक्तानीः**

(क) नगद अनुदान दिने कार्यक्रमको हकमा अनुदान रकम सोझै बैंक खातामा जम्मा हुने गरि भुक्तानी गरिनेछ।

(ख)अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिमको हुनेछ। कार्यक्रमको प्रकृति हेरी जिम्मेवार प्राविधिकले स्थलगत निरिक्षण गरि तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गरिनेछ।

(ग) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरेपछि मात्र कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ।

१०. **कार्यक्रम अनुगमन, मूल्यांकनः** कार्यक्रमको अनुगमन कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कृषि विकास शाखा एवम् सम्बन्धित वडा कार्यालयबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै गर्न सक्नेछ। यसरी भएको अनुगमनको क्रममा दिइएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

११. **कार्यविधिमा संशोधन गर्न सकिनेः** कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ आवश्यकता अनुसार कुम्मायक गाउँपालिका गाउँ कार्यपालिकाको बैठकबाट संशोधन गर्ने सकिनेछ।

## परिच्छेद-३

## कार्यक्रम र प्राविधिक पक्ष

यस परिच्छेदमा आर्थिक वर्ष २०८१/०८२ मा स्वीकृत भएका कृषि विकास कार्यक्रमहरुको कार्यक्रमगत उद्देश्य, कार्यक्रम अन्तर्गत संचालन गर्न सकिने प्रमुख क्रियाकलापहरु, पालना गर्नुपर्ने न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय जस्ता प्रविधिक पक्षहरुको बारेमा उल्लेख गरिएको छ।

१२. **कार्यक्रमको नामः फलफूल विरुवा वितरण**

**(१) परिचयः** कुम्मायक गाउँपालिकामा व्यवसायिक फलफूल खेतीको प्रवर्द्धनका लागि फलफूल विरुवा वितरण कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

(क) फलफूलबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(ख)फलफूलबालीको क्षेत्र विस्तार गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।

(ग)स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने।

(घ)खाली तथा बाँझो जमिनमा व्यवसायिक फलफूल खेती विस्तार गरी पर्यावरणी सुधार तथा भू-उपयोगिता बढाई उत्पादनशील बनाउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

**(क)** विभिन्न फलफूलबालीका गुणस्तरीय उन्नत सिफारिस जातका विरुवाहरु वितरण ।

**(ख)** कृषकहरुलाई आधुनिक र वैज्ञानिक तरिकाले फलफूल खेती गर्न प्राविधिक परामर्श।

**(४) लक्षित समूहः** कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** खाडल (१ घन मिटर : १ मिटर लम्बाई, १ मिटर चौडाइ र १ मिटर गहिराइ) बनाइ फोटो खिचि ल्याउनु पर्नेछ।

**(ख)** व्यवसायिक फलफूल खेती गर्ने (न्यूनतम २०-२५ बोट) कृषक, फर्मलाई विशेष प्राथमिकता दिइनेछ।

**(ग)** बाँझो जमिन भाडामा लिई (कम्तिमा ३ वर्षको सम्झौता गरेको) खेती गर्नेलाई प्राथमिकता दिइनेछ।

**(६) अनुदान प्रतिशत र अधिकतम सिमाः** सम्बन्धित कार्यक्रममा तोकिए बमोजिमको अनुदान प्रतिशत हुनेछ।

**(७) अपेक्षित उपलब्धीः**

**(क)** फलफूल खेतीको क्षेत्र विस्तार भएको हुनेछ।

**(ख)** फलफूलको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ।

**(ग)** स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना भएको हुनेछ।

१३. **कार्यक्रमको नामः पोखरी प्लाष्टिक वितरण**

**(१) परिचयः** कुम्मायक गाउँपालिका सुख्खा क्षेत्र भएकाले यहाँका कृषकहरुले खेतीपातिमा सिंचाइको लागि आवश्यक पानीको ठूलो समस्या भोग्दै आएका हुनाले कम लागतमा वर्षायामको पानी, खेर गइरहेको पानीलाई संकलन र भण्डारण गरी खेतीपातिमा रहेको सिंचाइ समस्या न्यूनिकरणका लागि यो कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

**(क)** बालीनालीलाई आवश्यक सिंचाइको व्यवस्था मिलाइ खडेरीले गर्दा हुने क्षति कम गर्ने।

**(ख)** सिंचाइको अभावले खेती किसानीबाट पलायन भएका कृषकहरुलाई पुनः खेतीपातिमा संलग्न गराउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

(**क**)सिंचाइको अति समस्या भएका क्षेत्रहरुको पहिचान।

(**ख**)प्रविधिक इष्टिमेट तयार गराई खाडल खनाइने।

(**ग**) २५० जि.एस.एम. मोटाइ भएको निलो रङ्गको ८ मिटर लम्बाइ तथा १० मिटर चौडाइ भएको प्लाष्टिक वितरण

(४)**लक्षित समूहः** कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु

(५)**न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(**क**)कृषि उद्यमि/कृषि फर्मको हकमा ३ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी, मसला, फलफूल वा नगदे बाली खेती गरेको हुनुपर्ने।

(**ख**)कषक समूह/कृषि सहकारीको हकमा २५ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारी, मसला, फलफूल वा नगदे बाली खेती गरेको हुनुपर्ने।

(**ग**) पोखरी खन्ने खर्च तथा लागत साझेदारी व्यहोर्न सक्ने हुनुपर्ने।

(६)**अनुदान प्रतिशत र अधिकतम सिमाः** सम्बन्धित कार्यक्रममा तोकिए बमोजिमको अनुदान प्रतिशत हुनेछ।

(७)**अपेक्षित उपलब्धीः**

(**क**)असिंचित क्षेत्रमा सिंचाइको सुविधा हुनेछ।

(**ख**)बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि हुनेछ।

(**ग**) सिंचाइको अभावले उर्वर जमिन बाँझिने समस्या न्यूनिकरण हुनेछ।

१४. **कार्यक्रमको नामः आकस्मिक बाली संरक्षण कार्यक्रम**

(१)**परिचयः** नेपालमा सन् २००८ देखी बाली उपचर शिविर कार्यक्रमको सुरुवात गरी किसानहरुलाई सेवा प्रदान गर्दै आइएको छ।रोग/कीरा तथा अन्य शत्रुजीव बाली उत्पादनमा देखिने प्रमुख समस्याहरुमा पर्दछन्।रोग/कीरा तथा अन्य शत्रुजीवको आक्रमणबाट बालीनालीमा ठुलो क्षति भइ खाद्य सुरक्षामा नै असर पुग्दै आइरहेको छ।कुम्मायक गाउँपालिकाका कृषकहरुले लगाएका बालीनालीमा लाग्ने विभिन्न रोग/कीरा तथा शत्रुजीवको सही पहिचान गरेर व्यवस्थापनाका विभिन्न भौतिक, जैविक तथा रसायनिक विधिहरुको प्रयोगद्वारा उत्पादन, उत्पादकत्व र गुणस्तर वृद्धि गर्नका लागि यो कार्यक्रम संचालन गरिनेछ।

(२)**उद्देश्यः**

(**क**)कृषकको बालीनालीमा लाग्ने रोग/कीरा तथा शत्रुजीवको सही पहिचान गरी उपयुक्त व्यवस्थापन प्रविधि सिफारिस गर्ने।

**(ख)** बाली उत्पादनमा हुने क्षति न्यूनीकरण तथा उत्पादन लागत कम गराउने।

**(ग)** सुरक्षित तथा पंजिकृत जीवनाशक विषादीको न्यायोचित प्रयोग गर्दै वातावरण संरक्षणमा सहयोग पुऱ्याउने।

**(घ)** शत्रुजीवको अभिलेखीकरण गरी सूची तयार गर्ने जसले शत्रुजीव जोखिम विश्लेषणमा सहयोग पुग्ने।

**(ङ)** बालीनालीमा नयाँ शत्रुजीवहरु देखा परेमा समयमै उचित व्यवस्थापनका लागि सचेतना फैलाउन भूमिका खेल्ने।

(३) **प्रमुख क्रियाकलापहरुः**

**(क)** विभिन्न विषादी तथा पासोहरु खरिद गरी कृषकहरुले ल्याएका शत्रुजीवले क्षति गरेका बालीनालीका नमुनाको परिक्षण गरी उपयुक्त व्यवस्थापन विधि सिफारिस गरिनेछ।

**(ख)** बाली उपचार शिविर संचालन गरिनेछ।

**(ग)** विषादीको सुरक्षित प्रयोग, भण्डारण तथा असरहरुबारे बृहत जनचेतनाका कार्यक्रमहरु गरिनेछ।

**(घ)** विषादी छर्दा लगाइने सुरक्षित पहिरन वितरण गरिनेछ।

(४) **लक्षित वर्गः** कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु।

(५) **अनुदान प्रतिशत र अधिकतम सिमाः** प्राविधिक परामर्शमा शत प्रतिशत र विषादी वितरणमा सम्बन्धित कार्यक्रममा तोकिए बमोजिमको अनुदान प्रतिशत हुनेछ र अनुदान प्रतिशत नतोकिएको खण्डमा सम्बन्धित समितिको निर्णय बमोजिम हुनेछ।

(६) **अपेक्षित उपलब्धीः**

**(क)** बालीनालीमा शत्रुजीवबाट हुने क्षतिको न्यूनिकरण हुनेछ।

**(ख)** कृषकहरुमा विषादीको न्यायोचित प्रयोगको भावना विकास भएको हुनेछ।

**१५. कार्यक्रमको नामः कृषकहरुको क्षमता अभिवृद्धि तालिम**

(१) **परिचयः** परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई आधुनिकीकरण, व्यवसायीकरण र प्रतिस्पर्धात्मक बनाउन समय सापेक्ष कृषकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गर्दै लैजानु जरुरी देखिन्छ। छरिएर रहेका एउटै एउटै उद्देश्य बोकेका कृषकहरुलाई कृषक समूह र सहकारी मार्फत संगठित बनाइ सामूहिकता भावना जागृत गराउन कृषि प्रसार, विषयगत बाली उत्पादन, प्रविधि हस्तानतरण, मूल्य श्रृंखला अभिवृद्धि,

प्रशोधन, प्याकेजिङ, बजारीकरण लगायतका विषयमा कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिम संचालन गर्न सकिन्छ।

(२)**उद्देश्यः**

(क)कृषकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि गर्ने।

(ख)कृषकको नेतृत्व विकास क्षमतामा अभिवृद्धि गर्ने।

(ग) कृषकहरुलाई समूह र सहकारी मार्फत संगठित बनाउन सहजीकरण गर्ने।

(३)**प्रमुख क्रियाकलापहरुः** विभिन्न विषयगत तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धिका तालिमहरु संचालन।

(४)**लक्षित समूहः** कुम्मायक गाउँपालिका भित्र कृषि उत्पादन, प्रशोधन, बजारीकरण, भण्डारणमा संलग्न कृषक, कृषि उद्यमी, कृषक समूह र कृषिसँग सम्बन्धि सहकारीहरु।

(५)**अपेक्षित उपलब्धीः** कृषकहरुको ज्ञान, सीप र क्षमतामा अभिवृद्धि भएको हुनेछ।

**१६. उत्पादनमा आधारित प्रोत्साहन अनुदान (तरकारी)**

(१)**परिचयः** कृषि पेशालाई व्यवस्थित, व्यवसायिक र प्रतिस्पर्धी बनाउन कुम्मायक गाउँपालिका भित्रका कृषकहरुले उत्पादन गरेको विभिन्न तरकारीहरुको बजारीकरणको लागि तरकारी बिक्री परिमाणको आधारमा उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ।

(२)**उद्देश्यः**

(क)तरकारी खेतीलाई व्यवसायिक र प्रतिस्पर्धी बनाउने।

(ख)कृषकहरुबाट उत्पादित तरकारीको बजारीकरणको लागि सहजीकरण गर्ने।

(ग) खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

(घ) रोजगारीको अवसर सृजना गर्ने।

(३)**प्रमुख क्रियाकलापहरुः**

(क)कृषकहरुबाट उत्पादित विभिन्न तरकारीहरु बजारीकरणमा सहयोग गर्ने।

(४)**लक्षित समूहः** कृषक, कृषक समूह, कृषि फर्म तथा कृषि सहकारी संस्थाहरु

(५)**न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क)यस कार्यक्रममा सहभागीता हुनको लागि यस गाउँपालिका भित्र तरकारी उत्पादन कार्यमा संलग्न ईच्छुक कृषकहरु गाउँपालिकामा सूचिकृत भएको हुनुपर्ने छ।

(**ख**) कुम्मायक गाउँपालिका भित्रका तरकारी उत्पादन कार्यमा संलग्न कृषक, कृषि फर्मले तरकारी बजारीकरणको कार्य स्वयम् आफै वा कृषक समूह वा सहकारी मार्फत गर्न सक्नेछन्।

(**ग**) उत्पादकले उत्पादित तरकारी बजारीकरणको परिमाण मासिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ मा अनुदानको व्यवस्था सम्बन्धि जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यक्रम संचालनको हकमा निम्नानुसारको अनुदान रकम उपलब्ध गराइनेछ।

(**क**) उत्पादकले उत्पादित तरकारीहरु बिक्री गरेबापत बिक्री परिमाणको आधारमा प्रति के.जी दुई रुपैयाका दरले प्रोत्साहन अनुदान दिइने छ।

(७) **अपेक्षित उपलब्धीः**

(**क**) कृषकहरु कृषि पेशा प्रति आकर्षित भई तरकारी खेती व्यवसाय विस्तार भएको हुनेछ।

**१७. कार्यक्रमको नामः उत्पादनमा आधारित प्रोत्साहन अनुदान, रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत)**

(१) **परिचयः** कुम्मायक गाउँपालिका भित्र रहेका सहकारी संस्थाहरु, कृषक समूहहरु मार्फत नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारले निर्धारण गरेको मूल्यमा कृषकहरुबाट उत्पादन गरेको रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत) सहकारी मार्फत खरिद र बिक्री गरि आवश्यक सहजीकरण र बजारीकरणको लागि उत्पादनमा आधारित प्रोत्साहन अनुदान (रैथानेबाली) कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

(**क**) कृषकहरुबाट उत्पादित रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो) उचित मूल्यमा खरिद बिक्रिको व्यवस्था गर्ने।

(**ख**) खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने।

(**ग**) रैथानेबालीको उत्पादन प्रवर्द्धन, संरक्षण र सम्वर्द्धनमा सहयोग गर्ने।

(**घ**) रोजगारीको अवसर सृजना गर्ने।

(३) **प्रमुख क्रियाकलापहरुः**

(**क**) कृषकहरुबाट उत्पादित रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत) सहकारी र कृषक समूह मार्फत खरिद बिक्री गरिने।

(४) **लक्षति समूहः** कृषक, कृषक समूह तथा कृषि सहकारी संस्थाहरु

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत) खरिद कार्य गर्न ईच्छुक कृषक समूह र सहकारी संस्थाहरु गाउँपालिकामा सूचिकृत भएको हुनुपर्नेछ।

**(ख)** यस गाउँपालिका भित्र रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत) उत्पादन कार्यमा संलग्न ईच्छुक कृषक, कृषक समूह, र सहकारी संस्थाहरु गाउँपालिकामा सूचिकृत भएको हुनुपर्नेछ।

**(ग)** कुम्मायक गाउँपालिका भित्र खेती गर्ने कृषकहरुबाट उत्पादित रैथानेबाली मात्र खरिद तथा बिक्री गर्ने

**(घ)** रैथानेबाली खरिदको लागि आवश्यक श्रोत कृषक समूह/सहकारी संस्था स्वयंले व्यवस्था गर्नुपर्ने

**(ङ)** नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले निर्धारण गरेको मूल्यमा खरिद गर्नुपर्ने

**(च)** खरिद गरेको रैथानेबालीको भण्डारण, व्यवस्थापन र बजारीकरण कृषक समूह/सहकारी संस्था स्वयंले गर्ने

**(छ)** खरिदकर्ताले रैथानेबाली बजारीकरण (खरिद तथा बिक्री) को परिमाण मासिक रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** यस कार्यविधिको दफा ५ मा अनुदानको व्यवस्था सम्बन्धि जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यक्रम संचालनको हकमा निम्नानुसारको अनुदान रकम उपलब्ध गराइनेछ।

**(क)** कृषकहरुबाट उत्पादित रैथानेबाली (कोदो, फापर, धानकोदो, जुनेलो, गहत) सूचिकृत कृषक समूह/सहकारी संस्थामा बिक्री गरेबापत बिक्री परिमाणको आधारमा प्रति केजी ६ (छ) रुपैंयाका दरले कृषकलाई प्रोत्साहन अनुदान दिइने।

**(ख)** कृषक समूह/सहकारी संस्थाहरुले तोकेको मूल्यमा कृषकहरुबाट उत्पादित रैथानेबाली खरिद गरी प्याकेजिङ, प्रशोधन, ढुवानी, भण्डारण र बजारीकरण लगायतका खर्च व्यवस्थापनको लागि खरिद परिमाणको आधारमा प्रति के.जी ४ (चार) रूपैंयाका दरले सम्बन्धित कृषक समूह/सहकारी संस्थालाई प्रोत्साहन अनुदान दिइने।

**(७) अपेक्षित उपलब्धीः**

**(क)** कृषकहरुले उत्पादन गरेको रैथानेबाली उचित मूल्यमा खरिद बिक्रीको व्यवस्था भएको हुनेछ।

**(ख)** खाद्य तथा पोषण सुरक्षामा टेवा पुगेको हुनेछ।

**(ग)** रैथानेबालीको संरक्षण सम्वर्द्धन र उत्पादन प्रवर्द्धन तर्फ कृषकहरु आकर्षित भएको हुनेछन्।

**(घ)** रोजगारीको अवसर सृजना भएको हुनेछ।

## १८. रेडियो कृषि कार्यक्रम संचालन तथा सूचना प्रसारण

**(१) परिचयः** कृषि अनुसन्धानबाट सिफारिस भएका नयाँ प्रविधिहरु, यस गाउँपालिकाबाट संचालित एवम् संचालन गरिने कृषि विकास कार्यक्रमहरु, सफलताको कथा, कृषि प्रविधि, अगुवा कृषकहरुले अनुसरण गरेका सफल प्रविधिहरुकव प्रचार प्रसार गरि आम कृषकहरुमाझ सूचना प्रवाह गर्न रेडियो कृषि कार्यक्रम संचालन गर्न सकिन्छ।

**(२) उद्देश्यः**

**(क)** कृषि अनुसन्धानबाट प्रमाणित एवम् सिफारिस भएका नयाँ प्रविधिहरुको बारेमा जानकारी गराउने।

**(ख)** गाउँपालिकाबाट संचालन गरिने कृषि विकास कार्यक्रमहरुको बारेमा सुसूचित गराउने।

**(ग)** कृषि विकाससँग सम्बन्धित कार्यक्रमहरुको प्रचार प्रसार गर्ने।

**(३) प्रमुख क्रियाकलापहरुः** रेडियो कृषि कार्यक्रम उत्पादन, प्रसारण र सूचना प्रसारण (अन्तरवार्ता, सफलताको कथा, खेती प्रविधि आदि)

**(४) लक्षित समूहः** कृषक, कृषक समूह तथा कृषि सहकारी संस्थाहरु, कृषि फर्म र सरोकारवाला निकायहरु।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः** स्थानीय स्तरमा संचालित रेडियो स्टेशनलाई प्राथमिकता दिइने।

**(६) आर्थिक पक्षः** आर्थिक ऐन, नियमावली अनुसार हुने।

**(७) अपेक्षित उपलब्धिः**

**(क)** कृषि अनुसन्धानबाट प्रमाणित तथा सिफारिस गरिएका नयाँ प्रविधिहरुको बारेमा कृषकहरु जानकार भएको हुनेछन्।

**(ख)** कृषि विकास कार्यक्रम संचालनमा प्रभावकारीता बढेको हुनेछ।

## १९. जमिन भाडामा लिई खेती गर्ने कृषकलाई भाडा बापतको रकम गाउँपालिकाबाट उपलब्ध गराउने कार्यक्रम

(१) **परिचयः** जमिन भाडामा लिई खेती गर्न कृषकहरुलाई प्रोत्साहन गर्दै कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गरि कृषकको आर्थिक स्तरमा सुधार ल्याउन कुम्मायक गाउँपालिका भित्र जमिन भाडामा लिई खेती गर्ने कृषकहरुलाई भाडा बापतको रकम उपलब्ध गाउँपालिकाबाट उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

(क) व्यवसायिक खेतिको विस्तार गर्ने।

(ख) जमिन भाडामा लिई खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गर्ने।

(ग) कृषि क्षेत्रको विस्तार, उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(घ) रोजगारीको अवसर सृजना गर्ने

(३) **प्रमुख क्रियाकलापहरुः** जमिन भाडामा लिई खेती गर्ने कृषकहरुलाई भाडा बापतको रकम गाउँपालिकाले उपलब्ध गराउने।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषय**

(क) कम्तीमा दुई रोपनी जमिन भाडामा लिई व्यवसायिक खेती गर्नुपर्नेछ वा गरेको हुनुपर्नेछ।

(ख) कम्तीमा ३ वर्षको लागि जमिन भाडा सम्झौता गरेको हुनुपर्नेछ।

(ग) बाँझो जमिन भाडामा लिई खेती गर्नेलाई प्राथमिकता दिईनेछ।

(घ) विपन्न, दलित, जनजातीलाई प्राथमिकता दिइनेछ साथै बेरोजगारको सूचिमा परेकालाई विशेष प्राथमिकता दिईनेछ।

(ङ) लालपूर्जा नभएको वा ऐलानी जग्गाको हकमा उक्त जग्गाको क्षेत्रफल र विवरण खुलाई वडा कार्यालयले प्रमाणित गरेको पत्र हुनुपर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** प्रति रोपनी बढीमा रु २,००० (दुई हजार मात्र) जमिन भाडा बापतको रकम गाउँपालिकाले उपलब्ध गराइनेछ।

(७) **अपेक्षित उपलब्धीः**

(क) व्यवसायिक खेतीको क्षेत्र विस्तार भएको हुनेछ।

(ख) जमित भाडामा लिई खेती गर्ने कृषकहरुको संख्यामा वृद्धि भएको हुनेछ।

**(ग)** रोजगारीको अवसर सृजना भएको हुनेछ।

## २०. टनेल प्लाष्टिक वितरण कार्यक्रमः

(१) **परिचयः** प्रतिकुल मौसममा पनि बिरुवलाई अनुकुल वातावरण सिर्जना गरी बेमौसमी तरकारी उत्पादन गर्न प्लाष्टिक घरको प्रयोग गर्ने गरिन्छ। नेपालमा वर्षा याम (जेष्ठ देखि भाद्र महिना सम्म) वर्षाबाट जोगाउन र हिउँदयाम ( मंसिर देखि फाल्गुन सम्म) चिसोबाट बिरुवालाइ जोगाउन तराइ तथा मध्य पहाडी भागमा प्लाष्टिक घरको प्रयोग गरिदै आएको छ। कुम्मायक गाउँपालिकामा बेमौसममा तरकारी बालीको उत्पादन वृद्धि गरि कृषकहरुको आर्थिक स्थिति सुधार गर्न यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** बेमौसमि तरकारी खेति प्रवर्द्धन गर्ने।

**(ख)** तरकारीबालीहरुको बेमौसमि उत्पादन वृद्धि गर्ने।

**(ग)** प्रतिकुल वातावरणबाट तरकारीबालीमा हुने क्षति न्यूनिकरण गरि उत्पादन वृद्धि गर्ने।

**(घ)** तरकारी बालीको निर्यात बढाइ पालिकाको स्थानीय अर्थतन्त्र मजबुद बनाउन योगदान पुऱ्याउने।

(३) **प्रमुख क्रियाकलापः**

**(क)** बेमौसमी तरकारी खेतिका लागि सम्भावना बोकेको क्षेत्रको पहिचान गर्ने।

**(ख)** प्राविधिक इष्टिमेट तयार गराइ बाँसको संरचना बनाउन लगाउने।

**(ग)** ९० जि.एस.एम. को प्लाष्टिक वितरण गरिने।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** कृषि उद्यमि/कृषि फर्मको हकमा ३ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारीबाली खेती गरेको हुनुपर्ने।

**(ख)** कषक समूह/कृषि सहकारीको हकमा २५ रोपनी वा सो भन्दा बढी क्षेत्रफलमा व्यवसायिक तरकारीबाली खेती गरेको हुनुपर्ने।

**(ग)** बाँसको संरचना बनाउन लाग्ने सम्पूर्ण खर्च तथा लागत साझेदारी व्यहोर्न सक्ने।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** सम्बन्धित कार्यक्रममा तोकिए बमोजिमको अनुदान प्रतिशत हुनेछ।

(७) **अपेक्षित उपलब्धीः**

**(क)** बेमौसममा तरकारीबालीको उत्पादन बढेको हुनेछ।

**(ख)** कृषकहरुमा संरक्षित संरचनामा तरकारी खेति गर्ने तरिका, ज्ञान तथा सिपको विकास भएको हुनेछ।

## २१. मौरीपालन प्रवर्द्धन कार्यक्रमः

(१) **परिचयः** मौरीपालन व्यवसाय कुम्मायक गाउँपालिकाका कृषकको पुख्यौंली पेशा भएको, प्राकृतिक चरनको उपलब्धता, उपयुक्त हावापानी, पालिका भित्र कृषकहरुले परम्परागत रुपमा मुडा र खोपामा मौरीपालन गरिराखेको आदि कारणले गर्दा मौरीपालनको प्रचुर सम्भावना छ। आधुनिक मौरीपालनका लागि आवश्यक पर्ने मौरी घार, आधार चाका, गुणस्तरीय गोला तथा मौरीपालन व्यवसायमा आधुनिकीकरण तथा व्यवसायीकरण प्रवर्द्धन गर्न यो कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** आधुनिक प्रविधिको प्रयोगबाट मौरी गोलाको संख्या वृद्धि गरी मह र मौरी जन्य अन्य वस्तुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र आन्तरिक उपभोग समेत बढाइ खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउने।

**(ख)** मौरी र मौरीजन्य उपजहरुको उत्पादन, प्रशोधन र बजारीकरण प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु संचालन गरी लक्षित वर्गमा सहयोग पुऱ्याउने।

**(ग)** मौरीपालन व्यवसायमा आवद्ध कृषकहरुको आयआर्जनमा टेवा पुऱ्याइ जीवनस्तरमा सुधार ल्याउने।

**(घ)** मौरीका विभिन्न प्रजातिहरुको संरक्षण, संवर्द्धन र व्यवसायिक प्रवर्द्धनका क्षेत्रमा सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक गतिविधिहरु संचालन गर्ने साथै एपि टुरिजमको विकास गर्ने।

(३) **प्रमुख क्रियाकलापहरुः**

**(क)** मौरीपालन व्यवसायिकरणका लागि मागमा आधारित आधुनिक मौरीपालनका सामाग्रीहरुमा सहयोग।

**(ख)** मौरीपालक कृषकहरुको क्षमता विकासको लागि तालिम।

**(ग)** रोगको समस्या देखा परेको क्षेत्रमा २ दिने घुम्ती तालिम संचालन।

**(घ)** मह लगायत मौरी उत्पादनहरुको बिक्री वितरणको लागि आधुनिक बिक्रि कक्ष स्थापना (Honey Mart)

(ङ) मह र अन्य मौरी जन्य उत्पादनको प्रशोधन, प्याकेजिङ, लेवेलिङ र ब्रानडिङमा सहयोग

(४) **लक्षित समूहः** मौरीपालन व्यावसायमा आवद्ध कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** परम्परागत रुपमा न्यूनतम १० घार/मुडामा मौरीपालन गरेको हुनुपर्ने।

**(ख)** मौरीपालनको क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भएको।

**(ग)** लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

**(घ)** मौरीपालनसम्बन्धी आधारभूत ज्ञान भएकालाई प्राथमिकता दिइने छ।

**(ङ)** वार्षिक मह उत्पादन ३० के.जी. भन्दा माथि भएकालाई प्राथमिकता दिइने।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

**(क)** आधुनिक मौरीपालनका सामाग्रीमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**(ख)** Honey mart स्थापनामा ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

**(ग)** मह र अन्य मौरी जन्य उत्पादनको प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्ग लगायतका क्रियाकलापमा ७५ प्रतिशत सम्म अनुदन उपलब्ध गराउन सकिनेछ।

(७) **अपेक्षित उपलब्धिः**

**(क)** आधुनिक मौरी घार तथा अन्य उत्पादन सामाग्रीको प्रयोगमा वृद्धि भएको हुनेछ।

**(ख)** मह र मौरीजन्य अन्य वस्तुहरुको उत्पादन र उत्पादकत्वको वृद्धि हुनेछ।

**(ग)** मौरीपालन कृषकहरुको आयआर्जनमा वृद्धि हुनेछ र रोजगारीका अवसरहरु सिर्जना भएको हुनेछ।

२२. **मसलाबाली (अदुवा, बेसार, टिमुर, अकबरे खुर्सानी, प्याज, लसुन) प्रवर्द्धन कार्यक्रमः**

(१) **परिचयः** मसलाबाली थोरै लगानी र कम मेहेनतबाट पनि मनग्य आम्दानी दिनसक्ने बाली हुन्। जंगली जनावर (बाँदर, बदेल, मृग, निलगाइ आदि) ले पनि क्षति नगर्ने, बजारीकरणको पनि समस्या कम भएको तथा मूल्य पनि राम्रो भएकाले कुम्मायक गाउँपालिकाका कृषकहरुमा मसलाबालीको खेतीप्रतिको आकर्षण बढ्दो छ।

मसलाबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मसलाबालीको उपलब्धता बढाउन यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** मसलाबालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी न्यून आय भएका कृषकको आर्थिक स्तरमा सुधार गर्ने।

**(ख)** मसलाबालीको गुणस्तरीय उत्पादन गरी निर्यात प्रवर्द्धन गर्ने।

**(ग)** मसलाबालीको व्यवसायिक खेतीमा कृषकहरुको संलग्नता बढाइ स्वरोजगार र आम्दानी वृद्धि गर्ने।

(३) **प्रमुख क्रियाकलापहरुः**

**(क)** उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण, मूल्यश्रृंखला अभिवृद्धि (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा सहयोग।

**(ख)** साना सिंचाइ, कृषि औजार/उपकरण, सोलार ड्रायर तथा बजारीकरणका कार्यहरु।

**(ग)** कृषकहरुको क्षमता अभिवृद्धि तालिम।

**(घ)** आइ.पि.एम संचालन।

**(ङ)** स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

**(च)** जातिय उत्पादन/नतिजा प्रदर्शनी।

(४) **लक्षित वर्गः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** कृषक/कृषि फर्मको हकमा न्यूनतम १० रोपनीमा र समूह/सहकारीको हकमा ४० रोपनीमा मसलाबालीको खेती गरेको हुनुपर्ने।

**(ख)** बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

**(ग)** लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

**(घ)** बेरोजगार, वैदेशिक रोजगारीबाट फर्केका तथा युवा वर्गहरुलाई प्रथमिकता दिइनेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

**(क)** उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण तथा बजारीकरणका कार्यमा ७५ प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ।

**(ख)** साना सिंचाइ, कृषि औजार/उपकरण, सोलार ड्रायर तथा मूल्यश्रृंखला अभिवृद्धिका कार्यमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ।

**(७) अपेक्षित उपलब्धिः**

(क) मसलाबालीको क्षेत्रविस्तार भइ उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने।

**(ख)** मसलाबाली खेती गर्ने कृषकको आम्दानी वृद्धि हुनुका साथै रोजगारीका अवसरहरु सिर्जना हुनेछन्।

**२३. तरकारीबाली प्रवर्द्धन कार्यक्रमः**

**(१) परिचयः** बढ्दो जनसंख्या, सहरीकरण ,प्रचार/प्रसार, जनचेतनाको बृद्धि आदि यावत् कारणले गर्दा तरकारी बालीको माग पनि दिनहुँ बढ्दै गएको छ। कुम्मायक गाउँपालिकामा विभन्न तरकारीबालीको खेती हुदै आईरहेको छ। तरकारी बालीको उत्पादकत्व अन्य बालीको भन्दा धेरै हुने तथा छोटो अवधिमा पनि उत्पादन लिन सकिने भएको हुनाले दिन प्रतिदिन तरकारी खेती व्यावसायिक रूपमा फैलँदै गइरहेको छ। तरकारीबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी सो बालीहरुको उपलब्धता बढाउन यस कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देशयः**

**(क)** तरकारी बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी न्यून आय भएका कृषकहरुको आर्थिक स्थितिमा सुधार गर्ने।

**(ख)** व्यवसायिक तरकारी खेतीमा कृषकहरुको संलग्नता बढाइ स्वरोजगारी प्रवर्द्धन तथा आम्दानी वृद्धि गर्ने।

**(ग)** तरकारीबालीहरुको निर्यात प्रवर्द्धन तथा आयात न्यूनिकरणमा टेवा पुऱ्याउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

**(क)** उन्नत बीउविजन, मलखाद्य, सिंचाइ, बाली संरक्षण तथा अन्य उत्पादन कार्यमा प्रयोग हुने सामाग्रीमा सहयोग।

**(ख)** आधुनिक कृषि औजार/उपकरण तथा बजारीकरणका क्रियाकलापमा सहयोग।

**(ग)** सीप तथा क्षमता अभिवृद्धि तालिम।

**(घ)** संरक्षित संरचना निर्माणमा सहयोग।

**(ङ)** आइ.पि.एम संचालन।

**(च)** जातिय उत्पादन/नतिजा प्रदर्शनी।

**(छ)** स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** यस कार्यक्रममा सहभागी हुन कम्तिमा ५ रोपनीमा तरकारी खेती गरेको हुनुपर्नेछ।

**(ख)** नवीनतम प्रविधिहरु (जस्तै छापोको प्रयोग, संरक्षित संरचनामा खेती, पासोहरुको प्रयोग, बालीको तालिम तथा काँटछाँटमा प्रयोग गरिने सामाग्रीहरु आदि इत्यादी) प्रयोग गरेकालाई विशेष प्राथमिकता दिइनेछ।

**(ग)** बेरोजगार, वैदेशिक रोजगारीबाट फर्केका तथा युवा वर्गहरुलाई प्रथमिकता दिइनेछ।

**(घ)** रैथाने तरकारी बालीहरुको खेती तथा संरक्षण गरेका कृषकहरुलाई विशेष प्राथमिकता दिइनेछ।

**(ङ)** बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

**(च)** लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

**(क)** बीउविजन, मलखाद्य, बाली संरक्षण सामाग्रीमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**(ख)** साना सिंचाइ, आधुनिक यान्त्रीकरण औजार/उपकरण र संरक्षित संरचना निर्माणमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**(ग)** बजारीकरणका क्रियाकलापमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(७) **अपेक्षित उपलब्धीः**

**(क)** तरकारीबालीको क्षेत्र विस्तार, उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ।

**(ख)** तरकारीबालीको खेतीमा आधुनिक प्रविधिको प्रयोग बढेको हुनेछ।

**(ग)** कृषकहरुको आयआर्जनमा वृद्धि र रोजगारीका अवसरहरु सिर्जना भएको हुनेछ।

## २४. फलफूलबाली प्रवर्द्धन कार्यक्रमः

(१) **परिचयः** बढ्दो जनसंख्या, सहरीकरण ,प्रचार/प्रसार, जनचेतनाको बृद्धि आदि यावत् कारणले गर्दा फलफूलको माग पनि दिनहुँ बढ्दै गएको छ। कुम्मायक गाउँपालिकामा विशेष गरेर सुन्तला, कागती, केरा, आँप, आरु, नस्पाती, आरुबखडा जस्ता फलफूल

बालीको खेती हुदै आईरहेको छ। फलफूलबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी सो बालीहरुको उपलब्धता बढाउन यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** व्यवसायिक फलफूल खेती विस्तार गरी फलफूलबालीको उत्पादन तथा उत्पादकत्व बढाउने।

**(ख)** फलफूलबालीको उत्पादन तथा उत्पादकत्व बढाइ आयात न्यूनिकरण तथा निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।

**(ग)** फलफूल खेती गर्ने कृषकहरुको आयआर्जन वृद्धि गर्ने।

**(घ)** स्थानीय स्तरमा रोजगारी सिर्जना हुने।

(३) **प्रमुख क्रियाकलापहरुः**

**(क)** बगैंचा/क्षेत्रफल विस्तार (बगैंचा रेखाङ्कन, विरुवा रोप्ने खाडल, फलफूल विरुवा खरिद, आवश्यक कृषि औजार/उपकरण, साँना सिंचाइ, बाली संरक्षण) लगायतका कार्यहरु

**(ख)** सम्बन्धित फलफूल विशेषका नर्सरी स्थापना/सुदृढिकरण।

**(ग)** साना सिंचाइ, बजारीकरणका तथा मूल्य श्रृंखला विकासका कार्यमा सहयोग।

**(घ)** स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

**(ङ)** जातिय उत्पादन/नतिजा प्रदर्शनी।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** कम्तिमा २ रोपनी क्षेत्रफलमा फलफूल बगैंचा स्थापना गरेको हुनुपर्ने।

**(ख)** नर्सरी स्थापना गरी फलफूल बिरुवा उत्पादन गर्न इच्छुक र लागत साझेदारी रकम व्यहोर्न सक्ने लक्षित वर्गलाई प्राथमिकता दिइने छ।

**(ग)** बेरोजगार, वैदेशिक रोजगारीबाट फर्केका तथा युवा वर्गहरुलाई प्रथमिकता दिइनेछ।

**(घ)** फलफूलबालीको स्थानीय जातको खेती गरी संरक्षण गर्दै आएकालाई प्रथमिकता दिइनेछ।

**(ङ)** बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

**(च)** लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

**(क)** बगैंचा रेखाङ्कनका लागि आवश्यक सामाग्री, फलफूल विरुवा खरिद क्रियाकलापमा ७५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

**(ख)** आधुनिक कृषि औजार/उपकरण तथा साना सिंचाइमा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

**(ग)** प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ् जस्ता मूल्य श्रृंखला विकास, बजारीकरणका अन्य कार्य तथा नर्सरी स्थापना र सुदृढिकरणमा ५० प्रतिशतसम्म अनुदान प्रदान गरिनेछ।

(७) **अपेक्षित उपलब्धिः**

**(क)** व्यवसायिक फलफूल खेतीको क्षेत्र विस्तारले उत्पादन वृद्धि भएको हुनेछ।

**(ख)** फलफूलको उत्पादन तथा उत्पादकत्वमा सुधार भइ आयात न्यूनिकरण तथा निर्यात प्रवर्द्धनमा सहयोग पुग्नेछ।

**(ग)** फलफूल खेती गर्ने कृषकहरुको आम्दानीमा वृद्धि भएको हुनेछ।

**(घ)** रोजगारीका अवसरहरु सिर्जना भएको हुनेछ।

**२५. तेलहनबाली प्रवर्द्धन कार्यक्रमः**

(१) **परिचयः** नेपालीहरुको दैनिक खानपानको अभिन्न भागका रुपमा रहेको खाने तेलको श्रोतको रुपमा रहेको तेलहन बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकासमा सहयोग मार्फत कुम्मायक गाउँपालिकामा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न, तेलहन जन्य उपजहरुको आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्यूनिकरण गर्नमा सहयोग पुऱ्याउन यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** तेलहनको आन्तरिक माग पुरा गर्न तेलहन बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

**(ख)** उपलब्ध उत्पादन सामाग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्ने र प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग पुऱ्याउने।

**(ग)** आयात न्यूनिकरण गरी तेलहन बाली एवं तेलजन्य उपजहरुमा क्रमशः आत्मनिर्भरता बढाउने।

(३) **क्रियाकलापहरुः**

**(क)** क्षेत्र विस्तार (उन्नत बीउमा, मलखाद्य तथा बाली संरक्षणमा) सहयोग।

**(ख)**आधुनिक कृषि औजार/उपकरणमा सहयोग।

**(ग)** जातिय उत्पादन/नतिजा प्रदर्शनी।

**(घ)** आइ.पि.एम संचालन।

**(ङ)** साना सिंचाइ, बजारीकरणका तथा मूल्य श्रृंखला विकासका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा सहयोग।

**(च)** स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** कषक/कृषि फर्मको हकमा न्यूनतम ५ रोपनी क्षेत्रफल र समूह/सहकारीको हकमा ३० रोपनी क्षेत्रफलमा तेलहनबालीको खेती गरेको हुनुपर्ने।

**(ख)** खेतीमा आधुनिक प्रविधिहरुको प्रयोग गरेकालाई प्राथमिकता दिइनेछ।

**(ग)** बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

**(घ)** स्थानीय जातको खाद्यान्न बालीको खेति गरि संरक्षण गरेकालाई विशेष प्राथमिकता दिइनेछ।

**(ङ)** लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

**(क)** उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण तथा बजारीकरणका कार्यमा ७५ प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ।

**(ख)**साना सिंचाइ, कृषि औजार/उपकरण, तथा मूल्यश्रृंखला अभिवृद्धिका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ।

(७) **अपेक्षित उपलब्धिः**

**(क)**तेलहन बालीहरुको क्षेत्रफल विस्तार, उत्पादन तथा उत्पादकत्वमा वृद्धि भइ तेल जन्य उपजहरुमा आत्मनिर्भता बढ्ने।

**(ख)**तेलहन बालीको समग्र मूल्य श्रृंखला विकासमा सहयोग पुगी बढ्दो आयातलाई न्यूनीकरण गर्त सहयोग पुग्ने।

**(ग)** बीउ प्रतिस्थापन दरमा वृद्धि भई तेलहन बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि हुने।

**(घ)** उपलब्ध स्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्यूनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनेछ।

## २६. प्राङगारिक कृषि प्रवर्द्धन कार्यक्रमः

(१)**परिचयः** प्राङगारिक खेति प्रवर्द्धन गरी स्वच्छ उत्पादन प्रद्धतिलाई प्रोत्साहन गर्न यस कार्यक्रम संचालन गरिनेछ।

(२)**उद्देश्यः**

**(क)** रासायनिक मल तथा विषादीको प्रयोग न्यूनीकरण गरी सुरक्षित एवं स्वस्थकर कृषि उपजको उत्पादन तथा बजारीकरण प्रवर्द्धन गर्दै प्राङ्गारिक खेतितर्फ उन्मुख गराउने।

**(ख)** प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तारका लागि कृषकहरुलाई स्थान विशेष प्रविधिको अवलम्बनमा सहजीकरण गर्दै विषादी रहित कृषि उत्पादन वृद्धि गर्ने।

**(ग)** आम उपभोक्ताको माग अनुरुप स्वस्थ्य कृषि उत्पादन उपलब्ध एवम् निर्यातमुखी कृषि उपजहरुको प्राङ्गारिक उत्पादन एवं प्रमाणीकरणका लागि सहयोग गरी निर्यात प्रवर्द्धनमा सहयोग गर्ने।

**(घ)** प्राङ्गारिक कृषि उत्पादनमा मूल्य श्रृंखलाको विकास गर्ने।

(३)**प्रमुख क्रियाकलापहरुः**

**(क)** गुणस्तरीय प्राङ्गारिक उत्पादनको लागि आवश्यक उत्पादन सामाग्रीहरु मल, बीउविजन, विरुवा, जैविक विषादी, ट्यापहरु आदिमा सहयोग।

**(ख)** प्राङ्गारिक उत्पादनको लागि विभिन्न संरचना निर्माणमा सहयोग।

**(ग)** उत्पादनको प्रमाणीकरण, प्याकेजिङ, ब्रान्डिङ र बजारीकरणमा सहयोग।

**(घ)** कृषकहरुको ज्ञान, सीप र क्षमता अभिवृद्धि।

**(ङ)** प्राङ्गारिक कृषि उत्पादन विविधिकरण, मूल्य अभिवृद्धि तथा बजारीकरण गर्ने कार्यमा सहयोग।

(४)**लक्षित समूहः** प्राङ्गारिक उत्पादनमा संलग्न एवं प्राङ्गारिक उत्पादन गर्न इच्छुक कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५)**न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) खुल्ला जमिनमा प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा १० रोपनी जमिन र समूह वा सहकारी मार्फत कम्तीमा ६० रोपनी जमिनमा खेती गर्नुपर्नेछ।

(ख) एकल फर्म, सहकारी वा समूहले क्लष्टरमा धेरै जमिनमा उत्पादन गर्ने प्रस्ताव गरेमा त्यस्ता फर्म, समूह, सहकारीलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) संरक्षित संरचनामा प्राङ्गारिक उत्पादन कार्यक्रम गर्न एकल कृषकको हकमा कम्तिमा १००० वर्ग मिटर क्षेत्रफलमा प्लाष्टिक घर र समूह वा सहकारी मार्फत कम्तिमा प्रति सदस्य ५०० वर्ग मिटर क्षेत्रफलमा प्लाष्टिक घर निर्माण गर्नुपर्नेछ।

(घ) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

**(६) अनुदान प्रतिशत र अधिकतम सीमाः**

(क) प्राङगारिक कृषि उत्पादनको लागि चाहिने आवश्यक सामाग्रीहरु (जैविक/प्राङ्गारिक मल, विषादी, बीउविजन, विरुवा, विभिन्न ट्यापहरु, औजार आदिमा) ७५ प्रतिशत अनुदान।

(ख) प्राङ्गारिक उत्पादनको लागि आवश्यक संरचना निर्माण (टनेल, भर्मि कम्पोष्ट पिट आदिमा) ७५ प्रतिशत अनुदान।

(ग) प्रमाणीकरण तथा बजारीकरणका क्रियाकलापहरुमा ७५ प्रतिशत अनुदान।

**(७) अपेक्षित उपलब्धीः**

(क) प्राङ्गारिक उत्पादन र बजारीकरण कार्यको सुरुवात भएको हुनेछ।

(ख) प्राङ्गारिक उत्पादनको मूल्य श्रृंखला विकासमा सहयोग पुगेको हुनेछ।

(ग) रासायनिक मल तथा विषादी रहित कृषि वस्तुको उत्पादन बढ्न गइ कृषकहरु प्राङ्गारिक उत्पादन तर्फ उन्मुख भएको हुनेछन्।

(घ) प्राङ्गारिक कृषि उपज तथा रैथाने बालीहरुको महत्व सम्बन्धी सचेतना अभिवृद्धि हुने।

(ङ) प्रमाणित प्राङ्गारिक कृषि वस्तुको उत्पादनमा वृद्धि हुने।

**२७. खाद्यान्नबाली प्रवर्द्धन कार्यंक्रमः**

**(१) परिचयः** पछिल्ला केही वर्षहरुमा धान, चामल, मकै, गहुँ, कोदो, फापर लगायतका खाद्यान्न वस्तुहरुको आयत उच्च दरमा बढ्दै गएको छ जसले गर्दा खाद्य असुरक्षा र परनिर्भरता बढ्दै गएको छ। कुम्मायक गाउँपालिकामा खाद्यान्न बालीहरुको वर्तमान

उत्पादनले यहाँको आवश्यकता पूरा नगरेको र ठूलो मात्रामा पालिकाभन्दा बहिरबाट खाद्यान्न वस्तुहरुको आयात भैराखेको अवस्था छ। यसर्थ प्रमुख खाद्यान् बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकास मार्फत पालिकामा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न र प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाइ आयात न्यूनिकरण गर्न यस कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

**(क)** प्रमुख खाद्यान्न बालीहरु धान, मकै, कोदो, फापर आदिको उत्पादन वृद्धि गरि खाद्य पोषण सुरक्षामा सुधार गर्ने।

**(ख)** उपलब्ध उत्पादन सामाग्री, स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्वत पऱ्याउने

**(ग)** आयात कम गरि प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बनाउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

**(क)** खाद्यान्न बालीहरु (धान, मकै, कोदो, फापर) क्षेत्र विस्तारका लागि उन्नत जातको बीउमा सहयोग।

**(ख)** मलखाद्य, बाली संरक्षणका सामाग्रीहरुमा सहयोग।

**(ग)** आधुनिक कृषि औजार/उपकरणमा सहयोग।

**(घ)** जातिय उत्पादन/नतिजा प्रदर्शनी।

**(ङ)** आइ.पि.एम संचालन।

**(च)** साना सिंचाइ, बजारीकरणका तथा मूल्य श्रृंखला विकासका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा सहयोग।

**(छ)** स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

**(४) लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

**(५) न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

**(क)** धान/मकैको हकमा कम्तिमा १५ रोपनीमा खेति गरेको हुनुपर्ने, कोदो/फापरको हकमा ५ रोपनीमा खेति गरेको हुनुपर्ने।

**(ख)** खेतीमा आधुनिक प्रविधिहरुको प्रयोग गरेकालाई प्राथमिकता दिइनेछ।

**(ग)** बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

(घ) स्थानीय जातको खाद्यान्न बालीको खेति गरि संरक्षण गरेकालाई विशेष प्राथमिकता दिइनेछ।

(ङ) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

(क) बीउविजन, मलखाद्य तथा बाली संरक्षण सामाग्रीमा ७५ प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(ख) आधुनिक कृषि औजार/उपकरण तथा साना सिंचाइ कार्यक्रममा ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराउन सकिनेछ।

(ग) मूल्य श्रृंखला विकासका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्) मा ५० प्रतिशत सम्म अनुदान दिन सकिनेछ।

(७) **अपेक्षित उपलब्धिः**

(क) प्रमुख खाद्यान्न बालीहरुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि भइ पालिका खाद्यान्न उपलब्धतामा क्रमश. आत्मनिर्भरतातर्फ उन्मुख भएको हुनेछ।

(ख) बीउ प्रतिस्थापन दरमा वृद्धि भइ प्रमुख खाद्यान्नबालीको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुनेछ।

(ग) प्रमुख खाधान्नको समग्र मूल्य श्रृंखला विकासमा योगदान दिई बढ्दो आयातलाई न्यूनिकरण गर्नमा सहयोग पुग्नेछ।

(घ) उपलब्ध स्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्यूनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनेछ।

**२८. दलहनबाली प्रवर्द्धन कार्यक्रमः**

(१) **परिचयः** नेपालीहरुको दैनिक खानपानको अभिन्न भागका रुपमा रहेको दाल एवं पालिकाको खाद्य सुरक्षामा महत्वपूर्ण योगदान दिने दलहन बालीहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि र मूल्य श्रृंखला विकासमा सहयोग मार्फत पालिकामा खाद्य तथा पोषण सुरक्षाको अवस्थामा सुधार गर्न, दलहन जन्य उपजहरुकव आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्यूनीकरण गर्नका लागि यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

(क) पालिकामा दलहन बालीहरुको उत्पादन वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा सुधार गर्ने।

(ख) उपलब्ध उत्पादन सामाग्री, स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पर्‍याउने

(ग) आयात कम गरि दलहन एवं दालजन्य उपजहरुमा क्रमशः आत्मनिर्भरता बनाउने।

(३) **प्रमुख क्रियाकलापहरुः**

(क) क्षेत्र विस्तार (उन्नत बीउमा, मलखाद्य तथा बाली संरक्षणमा) सहयोग।

(ख) आधुनिक कृषि औजार/उपकरणमा सहयोग।

(ग) जातिय उत्पादन/नतिजा प्रदर्शनी।

(घ) आइ.पि.एम संचालन।

(ङ) साना सिंचाइ, बजारीकरणका तथा मूल्य श्रृंखला विकासका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा सहयोग।

(च) स्थानीय आवश्यकता र मागमा आधारित क्रियाकलापहरु।

(४) **लक्षित समूहः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कषक/कृषि फर्मको हकमा न्यूनतम ५ रोपनी क्षेत्रफल र समूह/सहकारीको हकमा ३० रोपनी क्षेत्रफलमा तेलहनबालीको खेती गरेको हुनुपर्ने।

(ख) खेतीमा आधुनिक प्रविधिहरुको प्रयोग गरेकालाई प्राथमिकता दिइनेछ।

(ग) बढी उत्पादन गरी बजारीकरण तथा निर्यात गरिराखेका तथा त्यसको अभिलेख पेश गर्ने लक्षित वर्गलाई प्रथामिकता दिइनेछ।

(घ) स्थानीय जातको खाद्यान्न बालीको खेति गरि संरक्षण गरेकालाई विशेष प्राथमिकता दिइनेछ।

(ङ) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः**

(क) उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण तथा बजारीकरणका कार्यमा ७५ प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ।

(ख) साना सिंचाइ, कृषि औजार/उपकरण, तथा मूल्यश्रृंखला अभिवृद्धिका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्) मा ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ।

(७) **अपेक्षित उपलब्धिः**

(क) दलहन बालीहरुको क्षेत्रफल विस्तार, उत्पादन तथा उत्पादकत्वमा वृद्धि भइ दालजन्य उपजहरुमा आत्मनिर्भता बढ्ने।

(ख) दलहन बालीको समग्र मूल्य श्रृंखला विकासमा सहयोग पुगी बढ्दो आयातलाई न्यूनीकरण गर्त सहयोग पुग्ने।

(ग) बीउ प्रतिस्थापन दरमा वृद्धि भई दलहन बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि हुने।

(घ) उपलब्ध स्रोत साधन र प्रविधिको उच्चतम प्रयोग र अनुशरणबाट कृषकको लागत न्यूनीकरण र प्रतिस्पर्धात्मक क्षमता विकास भएको हुनेछ।

## २९. युवा लक्षित कृषि कार्यक्रमः

(१) **परिचयः** देशको कुल गाहस्थ उत्पादनको एक तिहाइ भन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने र आधाभन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहेको अवस्थाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपूर्ण भूमिका रहेको स्पष्ट छ। कुम्मायक गाउँपालिकाबाट वर्षेनि धेरै संख्यामा उत्पादनशिल युवाहरु बेरोजगारी र अन्य समस्याहरुले गर्दा वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेका छन्। यसै सन्दर्भमा युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यवसायीकरणबाट आय आर्जन बढाउन यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

(क) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु सिर्जना गर्न सहयोग पुऱ्याउने।

(ख) युवाहरुको आय आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने।

(ग) विभिन्न कृषि व्यवसाय संचालनको लागि आवश्यक प्रविधि तथा अनुदान प्रदान गरी कृषि वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।

(३) **प्रमुख क्रियाकलपहरुः**

(क) युवा लक्षित व्यवसायिक तरकारी तथा फलफूल उत्पादन कार्यहरु।

(ख) युवा लक्षित मौरीपालन व्यवसाय प्रवर्द्धन।

(ग) युवा लक्षित च्याउ उत्पादन कार्यहरु।

(४) **लक्षित वर्गः** १८ देखि ४० वर्ष सम्मका युवा वर्ग।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) तरकारी तथा फलफूल सम्बन्धी कार्यको लागि कम्तिमा ५ रोपनी क्षेत्रफलमा तरकारी/फलफूल खेति गर्नुपर्नेछ वा थप विस्तार गर्नुपर्नेछ।

(ख) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(ग) मौरीपालन र च्याउ खेती कार्यक्रमको सन्दर्भमा सम्बन्धीत व्यवसायको आधारभूत ज्ञान तथा अनुभव भएको र मौरीपालनको हकमा न्यूनतम १५ घार र च्याउको हकमा ३ वटा प्लाष्टिक घरमा खेती गर्नुपर्ने वा थप गर्नुपर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** बढीमा ५० प्रतिशत वा सम्बन्धित कार्यक्रमा तोकिए बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलब्धीः**

(क) युवाहरुको लागि स्वदेशमा रोजगारीको अवसरहरु सिर्जना भएको हुने।

(ख) युवाहरुको आय आर्जनमा र जीवनस्तरमा सुधार भएको हुने।

(ग) कृषि वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि हुने।

(घ) युवाहरुको कृषि पेशातर्फ आकर्षण बढेको हुनेछ।

**३०. स्थानीय आवश्यकता र मागमा आधारित कार्यक्रमः**

(१) **परिचयः** यस कार्यविधिमा नसमेटिएका तर स्थानीय कृषकहरुको आर्थिक, सामाजिक र भौतिक वृद्धि विकासमा टेवा पुऱ्याउन सक्ने कृषि सम्बन्धि विभिन्न प्रवर्द्धनात्मक कार्यहरु यस कार्यक्रम अन्तर्गत संचालन गर्न सकिनेछ।

(२) **उद्देश्यः** कृषकहरुको आवश्यता र माग बमोजिमका कृषि कार्यक्रम संचालन गरि कृषि उपहरुको उत्पादन वृद्धि र बजारीकरण मार्फत कृषकहरुको आम्दानी र जीवनस्तरमा सुधार ल्याउने।

(३) **प्रमुख क्रियाकलापहरुः** बढी माग आएका, भौगोलिक र जलवायुको हिसाबले संचालन गर्न सकिने कृषि व्यवसाय प्रवर्द्धनात्मक कार्यहरु।

(४) **लक्षित वर्गः** कृषक, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कृषि पेशामा पूर्ण समय काम गर्ने।

(ख) न्यूनतम जग्गा २ रोपनी भएको वा भाडामा लिइ खेति गर्दै गरेको (भाडा अवधि न्यूनतम ३ वर्ष अवधिको हुनुपर्ने)

(ग) निकट भविष्यमा गाउँबाट बसाइ-सराइ नजाने प्रतिवद्ध भएको।

(घ) आफूले सिकेका कुरा अरुलाई सिकाउन उत्सुक र तत्पर हुने र उन्नत कृषि प्रविधिबारे चासो राख्ने।

(ङ) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(६) **अनुदान प्रतिशत/अधिकतम सीमाः** बढीमा ७५ प्रतिशत वा कार्यक्रममा तोकिए बमोजिम।

(७) **अपेक्षित उपलब्धिः**

(क) कृषि पेशाप्रतिको आकर्षण बढेको हुनेछ।

(ख) कृषकको ज्ञान, सीप र क्षमतामा विकास भएको हुनेछ।

(ग) कृषकको जीवनस्तर सुधार भएको हुने।

**३१. महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रमः**

(१) **परिचयः** महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई कृषि प्रविधि तथा कृषि सामाग्री प्रदान गरी कृषि व्यवसायतर्फ उन्मुख बनाइ आयमुलक क्षमता अभिवृद्धि गर्दै जीवनस्तर सुधारका लागि यस कार्यक्रम संचालन गर्न सकिनेछ।

(२) **उद्देश्यः** महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई कृषि व्यवसायमा संलग्न गराइ आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने।

(३) **प्रमुख क्रियाकलापहरुः** उत्पादन सामाग्री, कृषि औजार उपकरण, प्रशोधन, मूल्य श्रृंखला विकास तथा बजारीकरणका कार्यहरुमा सहयोग।

(४) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) कृषि पेशामा पूर्ण समय काम गर्ने।

(ख) न्यूनतम जग्गा भएको वा भाडामा लिइ खेति गर्दै गरेको (भाडा अवधि न्यूनतम ३ वर्ष अवधिको हुनुपर्ने)

(ग) निकट भविष्यमा गाउँबाट बसाइ-सराइ नजाने प्रतिवद्ध भएको।

(घ) आफूले सिकेका कुरा अरुलाई सिकाउन उत्सुक र तत्पर हुने र उन्नत कृषि प्रविधिबारे चासो राख्ने।

(ङ) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(५) **अनुदान प्रतिशत तथा अधिकतम सीमाः** बढीमा ७५ प्रतिशत वा कार्यक्रममा तोकिए बमोजिम हुनेछ।

(६) **अपेक्षित उपलब्धीः**

(क) महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरुको कृषि व्यवसाय संचालन मार्फत आर्थिक उन्नति र जीवनस्तरमा सुधार भएको हुनेछ।

(ख) आधुनिक कृषि प्रविधिको बारेमा महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई धेरथोर ज्ञान भएको हुनेछ।

## ३२. तमोर करिडोर लक्षित तरकारी/फलफूल उत्पादन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रमः

**(१) परिचयः** तमोर करिडोर सडकले छुने कुम्मायक गाउँपालिकाका वडाहरुका कृषकहरुलाई आधुनिक प्रविधिहरुको प्रयोग गरि विशेष गरेर रैथाने/स्थानीय जातका तरकारी तथा फलफूल बालीको उत्पादन तथा बजारीकरण कार्यमा संलग्न गराइ आर्थिक समृद्धि हाँसिल गर्न यस कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

(क) रैथाने/स्थानीय जातको तरकारी तथा फलफूलको उत्पादन वृद्धि गर्ने।

(ख) आयआर्जनमा वृद्धि तथा रोजगारीका अवसरहरु सिर्जना गर्ने।

(ग) उत्पादन तथा बजारीकरण कार्यमा प्रविधिको प्रयोग बढाउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

(क) उत्पादन सामाग्रीहरु (बीउविजन, मल, बाली संरक्षण) मा सहयोग।

(ख) आधुनिक कृषि औजार/उपकरणमा सहयोग।

(ग) साना सिंचाइ, बजारीकरणका तथा मूल्य श्रृंखला विकासका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्)मा सहयोग।

**(४) लक्षित वर्गः** तमोर करिडोर सडकले छुने वडाका कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु।

**(५) न्युनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) सिंचाइ सुविधा र व्यवसायिक खेतीको सम्भावना भएको क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(ख) तमोर करिडोर सडकबाट बढीमा ३ कि.मि. दूरी सम्ममा व्यवसायिक रुपमा कृषि पेशा अपनाइएका लक्षित वर्गलाई प्राथमिकता दिइनेछ।

(ग) एकै क्लष्टरमा न्यूनतम ३० रोपनीमा खेति विस्तार हुने सम्भावना भएको क्षेत्र हुनुपर्ने।

(घ) एकै क्लष्टरमा धेरै क्षेत्रफल समेटिने क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(ङ) जग्गा भाडामा लिइ खेती गर्दै गरेको हकमा न्यूनतम ५ वर्ष अवधिको जग्गाधनीसँग करार/सम्झौता भएको हुनुपर्ने।

(च) एउटा क्षेत्र/क्लष्टरमा एकै किसिमको बालीको जात तथा उन्नत प्रविधि अपनाइ खेती लगाउने क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(छ) क्लष्टरमा समावेश हुने कृषकले न्यूनतम २ रोपनीमा खेती गर्दै आएको हुनुपर्ने।

(ज) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

**(६) अनुदान प्रतिशत तथा अधिकतम सीमाः**

(क) उन्नत बीउ, मल, बाली संरक्षण, भण्डारण तथा बजारीकरणका कार्यमा ७५ प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिनेछ।

(ख) साना सिंचाइ, कृषि औजार/उपकरण, तथा मूल्यश्रृंखला अभिवृद्धिका कार्य (प्रशोधन, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्) मा ५० प्रतिशत अनुदान उपलब्ध गराइने छ।

(ग) बजारीकरणसँग सम्बन्धित पूर्वाधार निर्माण (संकलन केन्द्र, भण्डारण घर तथा बिक्री वितरण कक्ष) मा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

**(७) अपेक्षित उपलब्धीः**

(क) रैथाने/स्थानीय जातका तरकारी तथा फलफूल बालीको उत्पादन वृद्धि भएको हुनेछ।

(ख) कृषकको आयस्तरमा उल्लेख्य सुधार भएको हुने।

(ग) रोजगारीका अवसरहरुको सिर्जना भएका हुनेछन्।

(घ) बजारीकरणको समस्या न्यूनिकरण भएको हुनेछ।

**३३. विभिन्न बालीहरुको उन्नत जातको बीउ वितरण कार्यक्रमः**

**(१) परिचयः** उन्नत बीउविजनको प्रयोग बढ्दो जनसंख्याको बढ्दो कृषि उपजको माग पूर्ति गर्न अपनाउनु पर्ने एक महत्वपूर्ण प्रविधि हो। उन्न बीउविजनको वितरण तथा प्रयोगबाट कुम्मायक गाउँपालिकामा उत्पादन हुने कृषि उपजहरुको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा मजबुत बनाउन यस कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

(क) बीउ प्रतिस्थापन दरमा वृद्धि भई बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।

(ख) उच्च रहेको आयात न्यूनिकरण तथा निर्यात प्रवर्द्धनमा टेवा पुऱ्याउने।

**(३) प्रमुख क्रियाकलापहरुः**

**(क)** खाद्यान्न, तरकारी लगायत अन्य कृषि बालीहरुको उन्नत तथा वर्णसंकर सिफारिस जातको बीउविजन वितरण।

**(ख)** उन्नत बीउविजनको प्रयोगबाट गरिने खेति प्रविधिसम्बन्धी तालिम आयोजना गरिनेछ।

(४) **लक्षित वर्गः** कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु।

(५) **अनुदान प्रतिशत तथा अधिकतम सीमाः** कार्यक्रमा तोकिए बमोजिम हुनेछ।

(६) **अपेक्षित उपलब्धीः**

**(क)** बालीहरुको उत्पादन र उत्पादकत्व वृद्धि भएको हुनेछ।

**(ख)** बीउ प्रतिस्थापन दरमा वृद्धि हुनेछ।

**(ग)** बालीहरुको आयात न्यूनिकरण तथा निर्यात प्रवर्द्धमा सहयोग पुग्नेछ।

**३४. जैविक तथा प्राङगारिक मल उत्पादन प्रवर्द्धन कार्यक्रमः**

(१) **परिचयः** कृषिको व्यवसायिकरणसँगै कृषि उपजको माग समेत वृद्धि भैरहेको छ। बढ्दो मागलाई सम्बोधन गर्न कृषिमा अत्याधिक मात्रामा रासायनिक मल तथा विषादीको प्रयोग भैरहेकोले यसले माटो तथा मानव स्वास्थ्यका साथै वातावरणमा समेत प्रतिकूल प्रभाव परिरहेको छ। कुम्मायक गाउँपालिकामा पनि कृषिमा आधुनिकीकरण र व्यवसायिकरणको क्रम बढे सँगै रासायनिक मल तथा विषादीको प्रयोग बढ्दो छ जसले माटोको भौतिक, रासायनिक तथा जैविक गुणमा ह्रास ल्याउनुको साथै मानव स्वास्थ्य तथा वातावरणमा समेत नराम्रो असर पुऱ्याइरहेकाले प्राङगारिक कृषि उत्पादन प्रवर्द्धन गर्न यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** प्राङगारिक मलको उत्पादन तथा उपयोग अभिवृद्धि गरी माटोको गुणस्तर सुधार मार्फत दिगो उत्पादन प्रणालीको विकास गर्नु।

**(ख)** कृषकस्तरमा प्राङगारिक मलको महत्व र उत्पादनका लागि सचेतना बढाउने।

**(ग)** रासायनिक मल तथा विषादीको प्रयोग न्यूनिकरण गरी सुरक्षित एवं स्वस्थकर कृषि उपजको उत्पादन गर्नु।

(३) **प्रमुख क्रियाकलापहरुः**

**(क)** प्राङ्गारिक तथा जैविक कृषि प्रविधिको अनुसरण तथा विस्तार सम्बन्धी सचेतना अभिवृद्धि (प्राङ्गारिक कृषिमा अभिमुखीकरण कार्यक्रम,प्राङ्गारिक कृषिमा आधारित क्षमता अभिवृद्धि कार्यक्रम, प्रचार-प्रसार तथा प्रदर्शनहरू)

(ख) प्राङ्गारिक कृषि प्रविधिको अनुसरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु (भर्मिकम्पोष्ट मल ,कम्पोष्ट मल ,हरियो मल ,जैविक मल ,सूक्ष्म जैविक मल,वनस्पति विषादीहरू) उत्पादनका कार्यहरुमा सहयोग।

(ग) प्राङगारिक मलको मूल्यश्रृंखला अभिवृद्धिका कार्य (प्रशोधन, ग्रेडिङ, प्याकेजिङ, लेवेलिङ, ब्रान्डिङ्) मा सहयोग।

(४) **लक्षित वर्गः** कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरु।

(५) **न्यूनतम मापदण्ड/प्रासङ्गिक विषयः**

(क) लागत साझेदारी गर्न सक्ने आर्थिक क्षमता।

(ख) प्राङगारिक कृषि सम्बन्धी तालिम, ज्ञान तथा सिप भएकालाई प्रथमिकता दिइनेछ।

(ग) कम्तिमा २ वटा गाई/गोरु/भैसीँ/राँगा वा ४ वटा बाख्रा/खसी/सुँगुर पालेकोलाई विशेष प्राथमिकता दिइनेछ।

(घ) सडक/सिँचाइ सुविधा तथा व्यवसायिक उत्पादन हुन सक्ने क्षेत्र हुनुपर्ने।

(ङ) कम्तिमा १ रोपनी आफ्नै स्वामित्वको जग्गा वा घटिमा ५ वर्षका लागि लिज वा भाडामा लिएको करारनामा पेश गर्नुपर्नेछ।

(६) **अनुदान प्रतिशत र अधिकतम सीमाः** बढीमा ७५ प्रतिशत अनुदान वा कार्यक्रममा तोकिए बमोजिम हुनेछ।

(७) **अपेक्षित उपलब्धीः**

(क) प्राङगारिक मलको महत्वबारे कृषकस्तरमा चेतना भएको हुनेछ।

(ख) प्राङगारिक मलको उत्पादन तथा उपयोग अभिवृद्धि हुनेछ।

(ग) माटोको गुणस्तर सुधार भइ दिगो उत्पादन प्रणालीको विकासमा टेवा पुग्नेछ।

(घ) रासायनिक मल तथा विषादीको प्रयोग कम भएको हुने।

**३५. कृषक पाठशाला कार्यक्रमः**

(१) **परिचयः** किसानहरुको घर घरमा गइ आधुनिक कृषि प्रविधि सम्बन्धी जानकारी गराउन धेरै प्राविधिकहरुको आवश्यकता पर्ने हुन्छ तसर्थ स्थानीय स्तरमा नै किसानहरुलाई उनीहरुको खेतबारीमा नै बाली अवधिभर बाली उत्पादनसँग सम्बद्ध समस्याहरु केन्द्रित भइ सहभागितात्मक खोज र प्रयोगका आधारमा बाली उत्पादनका नवीनतम प्रविधिहरु अभ्यास गर्ने थलो कृषक पाठशाला हो। नेपालमा सर्वप्रथम कृषक पाठशाला पद्वतिको प्रयोग एकिकृत शत्रुजीव व्यवस्थापन कार्यका लागि भएको पाइन्छ। आधुनिक कृषि

प्रविधिहरु प्रसार गर्ने सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूह मार्फत एक बाली अवधिभर कृषक पाठशाला संचालन गरी पाठशालाको माध्यमबाट नवीनतम कृषि प्रविधिहरु किसान समक्ष पुऱ्याउन यस कार्यक्रम संचालन गरिने छ।

**(२)उद्देश्यः**

**(क)** प्रमाणित आधुनिक प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्रविधिकहरुले किसानहरुमा प्रवाह गर्ने।

**(ख)** प्राविधिकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाइ प्रविधि हस्तानतरणमा कृषक स्वयंलाई सहभागी गराइ कृषकहरुको क्षमता विकास मार्फत कृषि उत्पादनमा वृद्धि ल्याउने।

**(३) कार्यक्रम संचालन प्रकृयाः**

**(क)** कृषक पाठशाला कार्यक्रमको संचालन तालिम प्राप्त गाउँपालिकाको कृषि विकास शाखामा कार्यरत प्राविधिक वा कृषक सहजकर्ता मार्फत गरिनेछ।

**(ख)** यस कार्यक्रमको संयोजक गाउँपालिकाको कृषि विकास शाखा प्रमुख हुनेछ ।

**(ग)** गाउँपालिकाको कृषि विकास शाखाबाट प्रविधि ग्रहणको स्तर, विषादी प्रयोग स्थिति, कृषकहरुको सांगठनिक अवस्था तथा सामाजिक पूँजि (समूह/सहकारी)को अवस्था, चेतनाको स्तर, समूह/सहकारीमा महिला, जनजाती, दलित, विपन्न, पिछडिएका समुदायको प्रतिनिधित्व तथा विगतका वर्षमा कृषक पाठशाला संचालन नभएका समूह/सहकारी आदिलाई मध्यनजर गर्दै कार्यक्रम संयोजकले कृषक पाठशाला संचालन गर्ने स्थान, कृषक समूह/सहकारी छनोटका लागि प्रतिवेदन आर्थिक विकास समितिमा पेश गर्नेछ।

**(घ)** कृषक पाठशाला एकिकृत शत्रुजीव व्यवस्थापन, बाली उत्पादन सम्बन्धी नवीन प्रविधिहरु समावेश गरि विविध विषय केन्द्रित भइ संचालन गरिनेछ।

**(ङ)** कृषक पाठशाला संचालन गर्नु अगाडि कृषक पाठशाला सहजकर्ता, जनप्रतिनिधि, पालिकाका कृषि प्राविधिक समेत स्थलमा गई पाठशाला संचालन गर्ने क्षेत्रमा रहेका कृषक, महिला वा मिश्रित समूहको समेत सहभागीता हुने गरी २५ जानाको कृषक समूह छनोट गर्न २ पटक अन्तरक्रिया गोष्ठी गर्ने।

**(च)** कृषक पाठशाला बाली अवधि भर (१६ हप्ता), कम्तीमा २५ जना कृषकहरु सहभागी गराई संचालन गरीनेछ ।

(छ) तुलनात्मक अध्ययन तथा परीक्षणहरु संचालन गर्न आवश्यक जग्गा (अन्नबाली/तरकारी बालीको लागि ५०० वर्ग मिटर खेत/बारीको छनोट गर्ने र कृषकहरु जम्मा भइ छलफल गर्ने स्थानको निर्धारण गर्ने।

(ज) आवश्यकता अनुसार कृषक पाठशाला अवधिभर कम्तीमा ३ वटा विशेष कक्षा संचालन गरीनेछ ।

(झ) कुनै बालीको बाली अवधिभर कृषक समूहले निर्धारण गरेको हप्ताको १ दिन बिहान ७ बजे देखि १२ बजे सम्म अध्ययन तथा तालिम सचालन गरीनेछ ।

(ञ) हरेक बालीमा बाली नभित्र्याउदै अन्य कृषकहरुलाई यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना, कृषकहरुलाई सहभागी गराइ प्रविधि विस्तार गर्ने उद्देश्य राखी कृषक दिवश मनाइनेछ र सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण गरिनेछ।

**(४) आर्थिक पक्षः**

| सि.नं. | क्रियाकलाप | संख्या | दिन | दर | जम्मा खर्च | कै. |
|---|---|---|---|---|---|---|
| १) | **पहिलो तयारी बैठक** | | | | | |
| क. | खाजा खर्च | ४० | | १००।- | ४०००।- | |
| ख. | स्टेशनरी | ४० | | १००।- | ४०००।- | |
| ग. | सहजकर्ता | २ | | १२००।- | २४००।- | |
| घ. | सहजकर्ता यातायात खर्च | २ | | २००।- | ४००।- | |
| | **जम्मा रकम रु.** | | | | **१०८००।-** | |
| २) | **दोश्रो तयारी बैठक** | | | | | |
| क. | खाजा खर्च | ३० | | १००।- | ३०००।- | |
| ख. | स्टेशनरी | ३० | | १००।- | ३०००।- | |
| ग. | सहजकर्ता | २ | | १६००।- | २४००।- | |
| घ. | सहजकर्ता यातायात खर्च | २ | | २००।- | ४००।- | |
| | **जम्मा रकम रु.** | | | | **८८००।-** | |
| ३) | **१ दिने seasonal planning गोष्ठी** | | | | | |
| क. | खाजा खर्च | २७ | | १००।- | २७००।- | |
| ख. | स्टेशनरी | २५ | | १००।- | २५००।- | |
| ग. | सहजकर्ता | २ | | १२००।- | २४००।- | |
| घ. | सहजकर्ता यातायात खर्च | २ | | २००।- | ४००।- | |
| | **जम्मा रकम रु.** | | | | **८०००।-** | |
| ४) | **स्थलगत कृषक पाठशाला संचालन** | | | | | |
| क. | खाजा खर्च | २७ | १६ | १००।- | ४३२००।- | |
| ख. | पाठशाला संचालन सामग्री | | | १००००।- | १००००।- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग. | सहजकर्ता | २ | १६ | १२००।- | ३८४००।- | |
| घ. | सहजकर्ता यातायात खर्च | २ | १६ | २००।- | ६४००।- | |
| ङ. | विशेष कक्षा श्रोतव्यक्ति कक्षा वापत | १ | ३ | १४००।- | ४२००।- | |
| च. | विशेष कक्षा श्रोतव्यक्ति यातायात | १ | ३ | २००।- | ६००।- | |
| | **जम्मा रकम रु.** | | | | **१०२८००।-** | |
| **५)** | **कृषक दिवश संचालन खर्च** | | | | | |
| क. | खाजा खर्च | १ | ४० | १००।- | ४०००।- | |
| ख. | व्यवस्थापन खर्च | | | २०००।- | २०००।- | |
| ग. | सहजकर्ता | २ | १ | १२००।- | २४००।- | |
| घ. | सहजकर्ता यातायात खर्च | २ | १ | २००।- | ४००।- | |
| ङ. | कृषक पाठशालाको प्राविधिक प्रतिवेदन | | | १०००।- | १०००।- | |
| | **जम्मा रकम रु.** | | | | **९८००।-** | |
| | **१+२+३+४+५ को कुल जम्मा रकम रु.** | | | | **१४०२००।-** | |

**(५) अपेक्षित उपलब्धीः**

**(क)** कृषकहरुमा नवीनतम कृषि प्रविधिको बारेमा ज्ञान तथा प्रयोगको विधिको बारेमा जानकारी भएको हुनेछ।

**(ख)** कृषक पाठशालाको महत्व तथा कृषि कार्य गर्दा आइपर्ने समस्याको समाधानका लागि आवश्यक निर्णय लिन कृषकहरु सक्षम भएका हुनेछन्।

## ३६. प्रविधि प्रदर्शन कार्यक्रमः

**(१) परिचयः** कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरुलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिमाणको लागि यो प्रदर्शन संचालन गरिन्छ। कुम्मायक गाउँपालिकाका कृषकहरुलाई अनुसन्धानद्धारा प्रमाणित भइ सिफारिस गरिएका उन्नत प्रविधिको नतिजालाई यहाँका कृषकको स्थानीय/परम्परागत प्रविधिको नतिजासँग तुलना गरी उन्नत प्रविधिहरु राम्रो र उपयूक्त छ भनेर दाँजेर देखाउने र प्रविधिहरुबारे व्यवहारिक ज्ञान तथा सिप क्रमबद्व रुपमा उपलब्ध गराई उनीहरुलाई खेति प्रविधितर्फ आकृष्ट गर्न र अन्य क्षेत्रका किसानमाझ लोकप्रिय एवम् सफल भएका प्रविधिहरुको प्रविधिको प्रदर्शन गर्नका लागि यस कार्यक्रम संचालन गरिनेछ।

**(२) उद्देश्यः**

**(क)** कृषकहरुलाई कृषि उत्पादनसँग सम्बन्धित उन्नत प्रविधिहरुबारे व्यवहारिक ज्ञान तथा सीप क्रमबद्व रुपमा उपलब्ध गराइ उनीहरुलाई उन्नत खेति प्रविधितर्फ आकृष्ट गराउनु

(ख) प्रदर्शित प्रविधि स्थानीय हावापानि सुहाँउदो छ भन्ने कुरा देखाउँदै नयाँ प्रविधिको उपयुक्तता सिद्ध गर्नु।

**(३) कार्यक्रम संचालन प्रकृयाः**

- प्रविधि प्रदर्शनको लागि जग्गा छनोट गर्दा निम्न कुरामा ध्यान दिनुपर्दछ।
- प्रविधि प्रदर्शन कम्तिमा १ रोपनी क्षेत्रफलमा संचालन गर्नुपर्नेछ। प्रदर्शनको लागि आवश्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गरिनेछ।
- सरभर सजिलैसँग निरिक्षण गर्न/गराउन सकिने हिसाबमा सडकको छेउछाउमा हुनुपर्दछ, गाइवस्तुले नोक्सान पुऱ्याउने किसिमको हुनु हुँदैन।
- प्रविधि प्रदर्शन कुनै खास समस्यालाई लिएर गर्दा बढी प्रष्ट हुन जान्छ। जस्तैः
  - पङ्तिमा रोप्ने विरुद्ध छरुवा पद्धति।
  - स्थानीय जात विरुद्ध उन्नत जात।
  - कीटनाशक विषादी छर्ने विरुद्ध नछर्ने।
  - रासायनिक मल प्रयोग गर्ने विरुद्ध स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि।
- प्रदर्शन कार्यक्रममा गरिने सम्पूर्ण क्रियाकलापहरु (बीउ लगाइएको समय, बीउको जात, प्रयोग भएको मलखादको मात्रा र समय, वर्षा भएको दिन, रोगकिरा लागेको भए विवरण तथा अन्य सम्पूर्ण एग्रोनोमिक प्राक्टिसहरु।
- प्रदर्शन प्लटमा निम्न विवरण सहितको बोर्ड राख्ने व्यवस्था गर्नपर्दछ।
  - प्रदर्शनको किसिम/नाम
  - बालीको किसिम/नाम
  - क्षेत्रफल
  - मलखादको मात्रा
  - आरम्भ गरेको मिति आदि।
- प्रविधि प्रदर्शन प्लटमा कृषकहरु जुटाइ समय समयमा अवलोकन भ्रमण गराउनुपर्दछ।
- प्रविधि प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विश्लेषण गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरुमा पनि विस्तार गर्नुपर्दछ।

**(४) आर्थिक पक्षः** कार्यक्रम संचालन आवश्यक सामाग्रीको प्रविधिक इष्टिमेट तयार गरी गरिनेछ। प्रति कार्यक्रम बढीमा रु १ लाख सम्म खर्च गर्न सकिनेछ।

(५) **अपेक्षित उपलब्धिः**

**(क)** कृषकहरु बाली उत्पादनसँग सम्बन्धित नयाँ प्रविधिको बारेमा जानकार हुनेछन्।

**(ख)** नविनतम प्रविधिप्रति कृषकहरुको आकर्षण बढ्ने र त्यसको अनुशरणमा वृद्धि हुनेछ।

**(ग)** उत्पादन र उत्पादकत्व वृद्धि भइ खाद्य तथा पोषण सुरक्षामा टेवा पुग्नेछ।

**३७. कृषि उपज बजारीकरण कार्यक्रमः**

(१) **परिचयः** कृषि क्षेत्रबाट उत्पादित वस्तुलाई आवश्यक बजारको व्यवस्था मिलाउनु कृषिको बजारीकरण हो। कुम्मायक गाउँपालिका भित्रका कृषकहरुले मौसम अनुसार उत्पादन गरेको कृषि उपजहरुलाई बजारसम्म पुऱ्याउन गरिने विभिन्न बजारीकरणका क्रियाकलापहरुमा सहयोग तथा सहजिकरण गर्न यस कार्यक्रम संचालन गरिनेछ।

(२) **उद्देश्यः**

**(क)** कृषि उपजको बिक्री वितरणको लागि उत्पादकलाई बजार श्रृंखलासँग आवद्व गर्ने र पालिकाले उत्पादन गर्ने कृषि उपजहरुको बजारीकरणको व्यवस्था मिलाउने।

**(ख)** कृषि उपजको बजारीकरणमा रहेको विचौलियाको तह कम गराइ कृषि उत्पादकले उचित मूल्य पाउने वातावरण सृजना गर्ने।

(३) **कार्यक्रम संचालन प्रकृयाः** साझेदार छनोट गरी गर्नुपर्ने भएमा निम्न बमोजिम हुनेः

**(क)** कार्यालयले कम्तीमा १५ दिने सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नेछ।

**(ख)** सम्बन्धित प्रस्तावकले तोकिएको ढाँचामा प्रस्ताव तयार गरी सूचनामा तोकिएको निकायमा प्रस्ताव पेश गर्नुपर्नेछ।

**(ग)** प्रस्ताव तयार गर्द औजार उपकरणहरुको विनिर्देशन, कच्चा पदार्थको व्यवस्था, लगानीको श्रोत, अनुदान माग गरेको रकम र प्रस्तावकले व्यहोर्ने रकम र सोको स्रोत समेत खुलाइ विस्तृत रुपमा तयार गर्नुपर्नेछ।

**(घ)** छनोट भएका प्रस्तावकसँग स्वीकृत कार्ययोजना सहित सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। छनोट भए प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रम अनुसार बैकल्पिकमा रहेका प्रस्तावकलाइ सम्झौताको लागि सूचित गरी कार्यक्रम गरिनेछ।

(४) **अनुदान प्रतिशत र सिमाः** कार्यपालिकाले तोके बमोजिम हुने।

(५) **संचालन गर्न सकिने क्रियाकलापहरुः** बिक्री स्थलको स्थापना, ढुवानी साधन खरिद, बिक्रि कक्षको भाँडा, चिस्यानका लागि प्रयोग हुने उपकरण, उपजको कारोबारका लागि आवश्यक पर्ने डिजिटल काँटा तथा अन्य उपकरणहरु खरिद, पालिकाले आफ्नै लगानिमा उत्पादन गरेको कृषि उपजको उत्पादन स्थलबाट हार्भेस्टिङ, ग्रेडिङ तथा अन्य उत्पादनोपरान्त र बजारीकरणका क्रियाकलपहरु संचालन गर्न सकिनेछ।

(६) **अनुदानग्राहीः** कृषक समूह/कृषि सहकारी।

(७) **अनुदानग्राही मापदण्डः**

(१) गत आ.व. भित्र प्रचलित कानुन बमोजिम दर्ता भएको हुनुपर्नेछ।

(२) व्यवसायिक रुपमा कृषि उपजहरुको खेती/उत्पादन/बिक्रीवितरणमा संलग्न भएको हुनुपर्नेछ।

(३) बाटो, पानी तथा बिजुली र शौचालयको सुविधा भएको हुनुपर्नेछ।

(४) विगत २ आ.व. र चालु आ.व. मा सोही प्रकृतिको कार्यको लागि अन्य निकायबाट अनुदान नलिएको हुनुपर्नेछ।

## अनुसूची-१

# प्रस्ताव आव्हान सम्बन्धी सूचना!!!

कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले १० दिन भित्र कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयमा प्रस्ताव निवेदन सहित आवश्यक विवरण पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।साथै रीत नपुगेको र म्याद नाघी आएका प्रस्ताव निवेदनहरु दर्ता गरिने छैन।

तपशिलः

| क.श. | कार्यक्रमको नाम | प्रस्ताव साथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरु |
|---|---|---|
| १. | | ➢ तोकिएको ढाँचामा निवेदन।<br>➢ कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता, नवीकरण, लेखा परीक्षण र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।<br>➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।<br>➢ चालू आ.व. को तिरो तिरेको रसिदको प्रतिलिपि।<br>➢ कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि।<br>➢ कार्यक्रम कार्यान्वयन प्रक्रियामा तोकिए बमोजिमका अनुसूचिहरु।<br>➢ समूह/सहकारीको हकमा निर्णयको प्रतिलिपि।<br>➢ कार्यक्रमको प्रकृति अनुसार थप कागजात आवश्यक परेमा उल्लेख गर्न सकिनेछ। |

## अनुसूचि-२
## निवेदनको ढाँचा

मितिः

<u>विषयः प्रस्ताव निवेदन पेश गरिएको बारे।</u>

श्री कुम्मायक गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

कृषि विकास शाखा, यासोक, पाँचथर।

उपरोक्त सम्बन्धमा तहाँ शाखाको मिति ........................................ मा प्रकाशित सूचना अनुसार ........................................ कार्यक्रममा म/हामी/हाम्रो समूह/सहकारी/फर्मले लागत साझेदारीमा संचालन गर्न इच्छुक भएको हुनाले सूचनामा तोकिए बमोजिम तपशिलको कागजात सहित कार्यक्रममा सहभागी हुन यो प्रस्ताव निवेदन पेश गरेको छु/छौं।

तपशिलः

<u>निवेदक</u>
नामः
पदः
ठेगानाः
सम्पर्क नम्बरः
दस्तखतः
छापः

# अनुसूचि-३
# लागत साझेदारी प्रतिवद्धता पत्र

मितिः

विषयः लागत साझेदारी प्रतिवद्धता सम्बन्धमा।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर।

महोदय,

कुम्मायक गाउँपालिका कृषि विकास शाखाको आ.व. .............. को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति ........................ मा प्रकाशित सूचना अनुसार कुम्मायक गाउँपालिका वडा नं ...... को ...... टोल स्थायी ठेगाना भएको म श्री ......................... ले ५० % अनुदानमा वितरण हुने पोखरी प्लाष्टिक कार्यक्रम संचालनका लागि आवश्यक पर्ने लागत साझेदारी बराबरको रकम आफ्नो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी तोकिएकै प्रयोजनमा समयमै कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला।

| सहि छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

निवेदक
नाम थरः
ठेगानाः
पदः
दस्तखतः
छापः

## अनुसूचि-४

## समान प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र

............................... जिल्ला ................................ पालिका वडा नं. ........... टोल ............. मा बस्ने म/हामी ...................................... ले कुम्मायक गाउँपालिका कृषि विकास शाखाबाट मिति ........................... मा प्रकाशित सूचना अनुसार .................................................................. कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गरेकोमा सोही प्रकृतिको कार्यक्रम प्रयोजनको लागि विगत ३ वर्षदेखी हालसम्म संघीय सरकार/प्रदेश सरकार/स्थानीय सरकार तथा अन्य संघ संस्थाबाट अनुदान निलिएको स्व-घोषणा पेश गर्दछु। अन्यथा फेला परे कसुरदार ठहरेमा सम्झौता रद्द लगायतका नियमानुसार अन्य सजाय भोग्न समेत तयार छु।

| सहि छाप | |
|---|---|
| दायाँ | बाँया |
| | |

स्व-घोषणा गर्ने

नाम थरः

ठेगानाः

पदः

दस्तखतः

छापः

# अनुसूचि-५
# सिफारिस पत्र

मितिः

<u>विषयः सिफारिस गरिएको सम्बन्धमा।</u>

श्री कुम्मायक गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कृषि विकास शाखा,
यासोक, पाँचथर।

उपरोक्त सम्बन्धमा कुम्मायक गाउँपालिका कृषि विकास शाखाको मिति...................... मा प्रकाशित .................................. कार्यक्रमको सूचना अनुसार वडा नं......... टोल............. स्थायी ठेगाना भएको श्री............................... ले उक्त कार्यक्रम संचालनका लागि छनोट भएको र सिफारिस पाउँ भनी यस वडा कार्यालयमा निवेदन दिए अनुसार निजले संलग्न कागजातहरुको अध्ययन तथा आवश्यक जाँचबुझ गर्दा निजले पेश गरेको विवरण सही रहेको र सोही प्रकृतिको कार्यमा विगत ३ वर्षभित्र कुनै अनुदान लिएको देखिन नआएकोले निजलाई कार्यक्रम संचालन गर्न सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

सिफारिस गर्नेको दस्तखतः
नामः
पदः
दस्तखत

# अनुसूचि-६
# सम्झौता पत्र

मितिः

कुम्मायक गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा (यस पछि प्रथम पक्ष भनिने) र कुम्मायक गाउँपालिका वडा नम्बर ........ बस्ने कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी श्री.................................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच ५० प्रतिशत लागत साझेदारीमा ......................................................... कार्यक्रम संचालन गर्न निम्न अनुसार शर्तनामाहरु पालना गर्ने गरी यो दुई पक्षीय सम्झौता गरी लियौं/दियौं।

१. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिनेछ।
२. यस कार्यक्रम अन्तर्गत खरिद गरिने कृषि सामाग्रीहरु नेपाल सरकारको खरिद ऐन नियमावली अनुसार कार्यालयले खरिद गर्नेछ।
३. दोस्रो पक्षले कृषि सामाग्री खरिदको ५० प्रतिशत हुन आउने लागत साझेदारी बापतको रकम कार्यालयले तोकेको खातामा दाखिला गरि सक्कल भौचर शाखालाई उपलब्ध गराउनु पर्ने छ।
४. दोस्रो पक्षले प्लाष्टिक पोखरी निर्माण गरिसकेपछि अनिवार्य रुपमा पोखरी वरिपरि घेराबारा गर्नुपर्नेछ र सम्बन्धित लाभग्राही र पोखरी स्पष्टसँग देखिने रंगिन फोटो खिची कृषि विकास शाखामा पेश गर्नुपर्नेछ।
५. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको कृषि सामाग्रीहरु कम्तीमा तीन वर्ष वा तोकिए बमोजिम संचालन गर्नु पर्नेछ।
६. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको कृषि सामाग्रीहरु बुझेको मिति देखि ३० दिन भित्र संचालन/प्रयोगमा ल्याइ सक्नु पर्नेछ।
७. दोस्रो पक्षले शाखाबाट बुझेर लगेको कृषि सामाग्रीहरु बिक्री वितरण, तोकिएको प्रयोजन बाहेक फरक कार्यमा प्रयोग वा दान गर्न पाउने छैन।
८. दोस्रो पक्षले बुझेर लगेको कृषि सामाग्रीहरु संचालन/प्रयोग नगरी हिनामिना भएको देखिएमा वा प्रयोग नगरी थन्काएर राखेको पाइएमा जुनसुकै बखत कार्यालयले सो सामाग्री जफत गर्न सक्ने छ र सो बापत कुनै किसिमको सहुलियत दोस्रो पक्षलाई उपलब्ध गराइने छैन।
९. यो कार्यक्रम संचालन सम्बन्धी कुनै विवाद आएमा कुम्मायक गाउँपालिकाको निर्णय नै अन्तिम मानिनेछ।
१०.यो सम्झौता उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ।

| <u>प्रथम पक्षको तर्फबाट</u> | <u>दोस्रो पक्षको तर्फबाट</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |

| | |
|---|---|
| पदः | पदः |
| <u>रोहबर</u> | <u>रोहवर</u> |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

# अनुसूचि-७
## होर्डिङ बोर्डको नमुना
## साइज ३*२ फिट
## कुम्मायक गाउँ कार्यपालिकाको कार्यालय
## यासोक, पाँचथर ।

कृषि विकास कार्यक्रमको नामः

अनुदानग्राहीको नामः

ठेगानाः

कार्यक्रमको कुल लागत रुः

अनुदान रकम रुः

सम्बन्धित साझेदार संस्थाको लागत साझेदारी रुः

# अनुसूचि-८

## पोखरी प्लाष्टिक वितरण कार्यक्रमसँग सम्बन्धित

**आधारभूत विवरणहरुः**

१. कृषि उत्पादन क्षेत्रको विवरण (रोपनी)ः (क) तरकारी ......... (ख) सुन्तला ......... (ग) बदाम ........ (घ) अदुवा..... (ङ) अन्य फलफूल........(च) अन्य केही भए ................................................................ (छ) जम्मा ................

२. खेती योग्य जग्गाको क्षेत्रफल (रोपनी)ः ..................

३. यस वर्षको उत्पादन विवरण (के.जी., माना, पाथी, मुरी, डोको) (क) तरकारी ............ (ख) सुन्तला ........... (ग) बदाम .......... (घ) अदुवा......... (ङ) अन्य फलफूल.................................... (च) अन्य उपज ..........................................................................

४. यस वर्षको कृषि उपजको कारोबारबाट भएको आम्दानी (अनुमानित) ..............................

५. पालिकाभन्दा बाहिर निर्यात गरेका मूख्य कृषि उपजहरुको विवरणः

| कृषि उपजको नाम | निर्यात गरेको परिमाण |
|---|---|
| | |
| | |
| | |
| | |

६. सिँचाइको वर्तमान अवस्थाः

क) सिँचाइको सुविधाः १) छ २) छैन

यदि छ भने सिँचाइ गर्ने पानीको स्रोत के हो? ..........................................

ख) सिँचाइको लागि पानीको उपलब्धताः १) बर्षैभरि २) २-४ महिना ३) ६-८ महिना

७. पोखरी प्लाष्टिक आवश्यकताको औचित्य

क)

ख)

ग)

८. पोखरी प्लाष्टिक प्राप्त भइ प्रयोग पछि हुने उपलब्धिहरु के के हुनेछन्?

क)

ख)

ग)

# अनुसूचि-९

## (फलफूलबाली प्रवर्द्धन कार्यक्रमसँग सम्बन्धित)

१. हालको फलफूल खेतीको अवस्थाः

| क्र.श. | फलफूल बालीको नाम | जात | बगैंचा क्षेत्रफल (रोपनी) | जम्मा बोट संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | फल्दै गरेको | सानो/बुढो/अनुत्पादनशील | जम्मा |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. सिँचाइको सुविधा (हालको अवस्था)

क) बाह्रै महिना सिंचित (सिंचाइको श्रोत.........................)

ख) मौसमी रुपमा सिँचित (सिँचाइको श्रोत.......................)

ग) असिँचित

३. आवेदको प्राविधिक ज्ञान/सिप

क) तालिम सम्बन्धी विवरण

| क्र.श. | विषय | बाली | अवधी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख) फलफूल खेती सम्बन्धी खेती गरेको अनुभव

| क.श. | बाली | क्षेत्रफल | अवधी |
|---|---|---|---|
| | | | |
| | | | |

४. फलफूल खेती सम्बन्धी आधारभूत विवरण

क) शत्रुजीव व्यवस्थापनः

- भौतिक विधिः ...........................................................
- जैविध विधिः .......................................................
- कृषि कर्मद्वारा नियन्त्रणः .................................................
- वानस्पतिक विषादीको प्रयोगः......................................................
- रसायनिक विधिः......................................................................

ख) तालिम तथा काँटछाटँः   गर्ने गरेको छ/छैन।

ग) बोर्डो मिश्रण तथा बोर्डो पेस्टको प्रयोगः   गर्ने गरेको छ/छैन। यदि छ भनेः समय र पटक (.....................................................................)

५. उत्पादन सँग सम्बन्धी विवरणः

| क.श. | फलफूल बालीको नाम | वार्षिक उत्पादन परिमाण (गत सालको) | विक्री परिमाण | बिक्रीबाट भएको आम्दानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

६. फलफूलका विरुवा अनुदानमा आवश्यक पर्नुको कारणहरु?

- 
- 
- 
- 
- 
- 

७. फलफूलका विरुवा अनुदाममा प्राप्त भएपछि हुने उपलब्धिहरु?

- 
- 
- 
- 
- 

- 

८. यो आवेदन छनोट गर्न उपयुक्त हुने थप पुष्ट्याइ भए उल्लेख गर्ने।

- 
- 
- 
- 

# अनुसूचि-१०

## (प्लाष्टिक टनेल वितरण कार्यक्रमसँग सम्बन्धित)

**आधारभूत विवरणहरुः**

१. तरकारी बालीले ओगटेको क्षेत्रफलको विवरण (रोपनी): क) टमाटर.......... ख) काँक्रो......... ग) भेँडे खुर्सानी ............ (घ) तितेकरेला...... ङ) भिन्डी....... च) लौका......... छ) धनिया......... ज) अन्य..........

२. यस वर्षको उत्पादन विवरण (के.जी., माना, पाथी, मुरी, डोको) क) टमाटर.......... ख) काँक्रो......... ग) भेँडे खुर्सानी ............ (घ) तितेकरेला...... ङ) भिन्डी....... च) लौका......... छ) धनिया......... ज) अन्य.........

३. यस वर्षको तरकारी बालीको कारोबारबाट भएको आम्दानी (अनुमानित) ..............................

४. सिँचाइको वर्तमान अवस्थाः

ग) सिँचाइको सुविधाः १) छ २) छैन
यदि छ भने सिँचाइ गर्ने पानीको स्रोत के हो? ..........................................
घ) सिँचाइ पानीको उपलब्धताः १) बर्षैभरि २) ६-८ महिना ३) २-४ महिना

५. टनेल प्लाष्टिकमा तरकारी खेती प्रविधिसम्बन्धि थाहा भएको कुराहरु तथा प्रविधिको जानकारी?
क)
ख)
ग)
घ)

६. टनेल प्लाष्टिक आवश्यकताको औचित्य
क)
ख)
ग)

७. टनेल प्लाष्टिकको प्रयोग पछि हुने उपलब्धिहरु के के हुनेछन्?
क)
ख)

# अनुसूचि११

## (मौरीपालन कार्यक्रमसँग सम्बन्धित)

१. कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाको नामः
२. ठेगानाः
३. मौरी घार संख्याः
४. विस्तार हुन सक्ने घार संख्याः
५. अनुदान आवश्यक पर्नुको कारणहरुः
(क)
(ख)
(ग)
(घ)
(ङ)
६. अनुदान पाएपछिको अपेक्षित उपलब्धिहरुः
(क)
(ख)
(ग)
(घ)
७. कार्ययोजनाको लागत विवरणः

| क्र.श. | क्रियाकलापको नाम | जम्मा अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

८. दिगोपनाको योजनाः

प्रस्तावकको नामः
दस्तखतः

मितिः
संस्थाको छापः

# अनुसूचि-१२

## (फलफूल विरुवा वितरण कार्यक्रमसँग सम्बन्धित)

१. हाल खेती गरिराखेको फलफूल बालीको विवरणः

| क्र.श. | फलफूल बालीको नाम | जात | जम्मा बोट संख्या | | | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|---|---|
| | | | फल दिइराखेको | सानो/हुर्किदै गरेको | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

२. फलफूलबालीको खेतीमा प्रयोग गरिएका प्रविधि तथा बगैंचा व्यवस्थापनमा अवलम्बन गरिएका विधिहरुः
क)
ख)
ग)
घ)
ङ)
च)

३. फलफूलका विरुवा अनुदानमा आवश्यक पर्नुको कारणहरु?
क)
ख)
ग)

४. फलफूलका विरुवा अनुदाममा प्राप्त भएपछि हुने उपलब्धिहरु?
क)
ख)
ग)

५. गत वर्ष फलफूल बालीको उत्पादन र विक्रिवितरण सम्बन्धी विवरण

| क्र.श. | फलफूल बालीको नाम | उत्पादन परिमाण | विक्रिबाट भएको आम्दानी | |
|---|---|---|---|---|
| | | | २० हजार सम्म | |
| | | | २१ देखी ५० हजार सम्म | |
| | | | ५१ देखी १ लाख सम्म | |

| | | | | |
|---|---|---|---|---|
| | | | १ लाख भन्दा माथि | |

६. यो आवेदन छनोट गर्न उपयुक्त हुने थप पुष्टयाइ भए उल्लेख गर्ने।
क)
ख)

# अनुसूचि-१३

## कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा

**१. आवेदकको विवरण**

| | |
|---|---|
| कृषक समूह/कृषि सहकारी/ कृषि फर्मको नाम | |
| ठेगाना | |
| स्थापना भएको मिति | |
| दर्ता भएको निकाय र मिति | |
| भ्याट/ पान दर्ता नम्बर | |
| टेलिफोन / मोबईल न. | |
| सम्पर्क व्यक्तिको मोबाइल न. | |

**२. हालको व्यवसायिक संलग्नता**

हाल संलग्न व्यवसायको नाम :

व्यवसायबाट सिर्जित रोजगारी संख्या :

| क्र. स. | हाल सचालित कृयाकलापहरु | हाल उत्पादन गरिएका वस्तुगत | वार्षिक परिमाण | कारोबार रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

**३. प्रस्तावित कार्यक्रम सम्बन्धी विवरण**

कार्यक्रमको नाम :

कार्यक्रमको उद्देश्य :

कार्यन्वयन अवधी :

सुरु मिति :

समाप्त मितिः

कार्यान्वयन हुने स्थान :

संचालन गरिने प्रमुख क्रियाकलापहरु :

नयाँ सोच भए केही उल्लेख गर्नुहोस :

प्रस्तावित क्रियाकलापहरुको लागत अनुमानको विस्तृत बजेट :

| क्र. स. | मुख्य क्रियाकलाप | अनुमानित लागत रकम रु. | माग गरिएको अनुदान रकम रु. | आवेदकले व्यर्होर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |

प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु :

क.

ख.

ग.

घ .

प्रस्ताव गर्ने संस्थाको नाम :

ठेगाना :

दस्तखत :

मिति :

संस्थाको छाप :

आज्ञाले

जयनारायण खनाल

प्रमुख प्रशासकीय अधिकृत